एकतीस कथा

लेखक

पूर्णप्रसाद ब्राह्मण

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

एकतीस कथा

लेखक

पूर्णप्रसाद ब्राह्मण

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक–
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण
बि० सं० २०४२

मूल्य– रू०

मुद्रक–
'प्रज्ञा–मुद्रण'
ने० रा० प्र० प्र०

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
संरक्षक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ६ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धनको निम्ति प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो ।

२०३१ साल वैशाख १ गतेका दिन राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको कृपापूर्ण संरक्षकत्व प्राप्त गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका क्षेत्रमा युगानुकूल विकास गर्ने सौभाग्य पाएको छ ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, बिशाल र आफ्नै किसिमको छ । आज राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको वात्सल्यपूर्ण नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन खोजेको छ उसरी सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशको कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसमक्ष परिचय गराउन सक्ने खालका कृतिहरू सिर्जना गरी आफ्ना-आफ्ना क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिंजाउने जस्ता महत्त्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं ।

लैनसिंह बाङ्‌देल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वैशाख १ गते २०३६

प्रकाशकीय

श्रीपूर्णप्रसाद ब्राह्मण नेपाली साहित्यमा कथाकारका रूपमा चिर-परिचित हुनुहुन्छ । उहाँका कथासंग्रहहरू एक्काईस कथा (२००३), झिल्का (२००५), म लोग्ने हुँ २००५ तथा कवितासंग्रह अगुल्टो (२००८) प्रकाशित भइसकेका छन् । उहाँका प्रतीकात्मक लघुकथाहरूको यो संग्रह "एकतीस कथा" पाठकसामु प्रस्तुत छ ।

कथाकार पूर्णप्रसाद ब्राह्मणका कथाहरूमा गहन दार्शनिक चिन्तन, सामाजिक चित्रण र कविसुलभ भावुकता एकै साथ देख्न पाइन्छ । नेपाली सामाजिक जीवनका मर्महरूको चित्रण गर्ने सक्षम कथाकारका रूपमा र आफ्नै ढंगका प्रतीकात्मक कथा लेख्ने कथाकारका रूपमा प्रसिद्ध श्रीब्राह्मण सशक्त र सजीव भाषाको प्रयोग गर्नुहुन्छ । उपयुक्त नाटकीय स्थितिको सिर्जना गरी आफ्ना आवाजहरू निर्जीव र अमूर्तहरूलाई दिनु र तिनीहरूका माध्यमबाट जीवन र जगत्का सत्य र तथ्यहरूको उद्घाटन गर्नु उहाँको आफ्नो विशेषता हो । यसले गर्दा उहाँका कथाहरूमा रोचकताका साथै गहनता पनि देख्न पाइन्छ ।

कथाकार पूर्णप्रसाद ब्राह्मणका कथाकारितासँग परिचित नेपाली कथाप्रेमीहरूलाई प्रस्तुत संकलनमा संकलित कथाहरूले पनि उही स्वाद र संतुष्टि दिनेछन् र उहाँका गंभीर चिन्तन र व्यापक निरीक्षणबाट जन्मेका कृतिहरू नेपाली समाजलाई पछि पछि पनि प्राप्त हुनेछन् भनी आशा गर्दै प्रस्तुत प्रकाशनका निम्ति कथाकार श्रीब्राह्मणजीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति:– ५ मंसीर २०४२

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

भूमिका

मनुष्य मानव-सभ्यताको प्रारम्भदेखि नै चित्र, मूर्ति, संगीत, कथा, कविता आदि विविध कृतिद्वारा आफ्नाभावनाहरूलाई मूर्त बनाउने प्रयत्नमा संलग्न रहँदै आएको छ । भावना र कल्पना-लोकमा जीवन जुन रूपमा देखापर्दछ, त्यसैको उद्भावन र उद्घाटन नै यस प्रयत्नको प्रयोजन अनुभूत हुन्छ ।

कथा साहित्यको एक विधा हो । मानव-जीवनको गहन अनुभवको कलात्मक अभिव्यक्ति नै कथाको श्रेष्ठतम आधार हो । कथा-विधाले आफ्नो प्रारम्भिक चरणमा नाटकबाट पोषक तत्त्व ग्रहण गरे तापनि र साथै यसले नाटक र उपन्यासको सूक्ष्म समन्वय समेटे तापनि वर्तमान समयमा कथाको आकर्षक सौन्दर्य दुवैभन्दा भिन्न देखा पर्दछ ।

वर्तमान समयमा मनोविज्ञानका सूक्ष्मतम रूप उद्घाटित हुँदै गएका छन् र साथै पाठक वर्गको ज्ञान पनि उत्तरोत्तर समृद्ध हुँदै गएको छ । यसले गर्दा आधुनिक कथा-विधा कलात्मक रूपमा यति विकसित भएको छ कि कथाकार आफ्नो कल्पना शक्तिको माध्यमबाट न्यूनतम पात्र अथवा चरित्रद्वारा र साथै न्यूनतम घटना अथवा प्रसंगद्वारा मनोवाञ्छित प्रभावको सृष्टि गर्न समर्थ भएको छ ।

प्रत्येक मौलिक चिन्तक अथवा कलाकार नदी जस्तै निर्बन्ध हुने प्रयत्न गर्दछ । जसरी नदीको प्रवाह तट-बन्धद्वारा बाधित हुन्छ उसै गरी चिन्तक अथवा कलाकारको विद्रोही प्रवृत्तिमाथि साहित्यिक अभिव्यञ्जना-सम्बन्धी नियमको बन्धन रहन्छ । तट-बंध हुँदा हुँदै पनि जसरी नदी आफ्ना

किनारहरूको अतिक्रमण गर्दै आफ्नो विस्तार गर्नमा सतत प्रयत्नशील रहन्छ, त्यसै गरी चिन्तक अथवा कलाकार पनि साहित्यिक नियमका बन्धनहरू विश्रृंखल पार्दै अगाडि बढ्छ र नयाँ नियमहरू निर्माण गर्ने प्रेरणा प्रदान गर्दछ ।

जयतुसंस्कृतम् आन्दोलनका नेता वरिष्ठ राजनीतिज्ञ, विद्वान् तथा चिन्तक श्री पूर्णप्रसाद ब्राह्मण-लिखित 'एकतीस कथा' संग्रहले मानव-जीवनका केही मूलभूत प्रश्नहरू प्रस्तुत गरी तिनको उत्तर आफ्नै ढंगले दिने प्रयत्न गरेको छ । जो नदीको उन्मुक्त प्रवाहजस्तै निर्बन्ध देखा पर्दछ ।

हिन्दुसंस्कृति मनुष्यलाई जन्मनासाथ 'ऋण-त्रय' को बन्धनमा आबद्ध मान्दछ । प्रस्तुत 'एकतीस कथा' 'ऋणत्रय' लाई केन्द्र-बिन्दु मानी त्यसैको चारैतिर परिक्रमा गरिरहेको अनुभूत हुन्छ । 'ऋणत्रय' को अभिव्यक्ति गर्ने शैली अनेक छन् । यस कथा-संग्रहले एक शैलीको उदाहरण प्रस्तुत गरेको छ, जुन शैलीको उदाहरण यस प्रकार छ—

जीवन र मृत्युको संघर्ष सृष्टिका साथै प्रारम्भ भएको शाश्वत सत्य हो । जब कुनै सजीव इकाई आफ्ना सजातीयहरूको परवाह नगरी आफू मात्र जीवित रहने दुराकांक्षाद्वारा प्रेरित हुन्छ तब, त्यो मृत्युको गाँस हुन जान्छ । तर जसले आफ्नो सजातीय परम्परालाई जीवित राख्न आफ्नो उत्सर्ग गर्दछ, त्यसले मृत्युमाथि विजय प्राप्त गर्दछ ।

एउटा बीज जब माटोमुनि पुरिएर प्रकाश र हावाबाट वंचित हुन्छ तब मृत्यु आफ्नो विजयमा अट्टहास गर्दै उद्घोष गर्दछ— मैले जीवनलाई सदाका लागि निमिट्यान्न पारें । तर आश्चर्य ! माटोमा पुरिएको बीज जब आफ्ना सजातीयहरूको परम्परा कायम राख्न आफ्नो उत्सर्ग गर्दछ— र पृथ्वीको छाती चिर्दै अंकुरित भएर आफूजस्तै असंख्य बीजको निर्माण गर्दछ तब मृत्यु जीवनको समक्ष पराजित भएर मुन्टो निहुराउँछ । हिन्दू संस्कृतिले यै उत्सर्गमय जीवनलाई 'पितृ ऋण' बाट मुक्त भनेको हो । 'श्रीमद्भगवद्गीता' मा भनिएको छ—

"नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक :।

न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः॥२।२३॥

हुन त यो आत्माको अमरताको प्रसंगमा भनिएको हो । तर मैले जीवनको परम्परालाई पनि अविनाशी सम्झेको छु । विश्वरूपमा आफूलाई अभिव्यक्त गर्न समर्थ स्वयम् श्री कृष्णको पार्थिव शरीर व्याधाको बाणद्वारा धराशायी हुने घटनाले यै तथ्यलाई औंल्याएको देखिन्छ ।

'मात्स्य-न्याय' अन्तर्गत ठूलो माछाले साना माछालाई आफ्नो इच्छानुसार खान्छ र यस कार्यको समर्थनमा उसले कुनै कारण देखाउनु-पर्दैन । राजनीति शास्त्रमा 'दैवी सिद्धान्त' अन्तर्गत 'मात्स्य न्याय' को विवेचना गरिएको छ । 'ऋषि-ऋण' बाट मुक्त हुने प्रक्रियामा जब बौद्धिक विकास भयो । तब राजनीतिशास्त्रले पनि 'दैवी सिद्धान्त' को स्थानमा 'सामाजिक सम्झौतासिद्धान्त' घोषणा गर्‍यो र प्रजातांत्रिक परिपाटीको स्वर मुखरित पार्‍यो । फलतः ठूलो माछा र सानो माछा दुवैले जीवन निर्वाहका लागि समान अधिकार प्राप्त गरे ।

ठूलो माछाले सानो माछासँग भन्यो— भाइ, अब हामी सबैले समान अधिकार पाएका छौं; अब तिमीलाई पनि बाँच्ने समान अधिकार छ । बाँच्नको लागि तिमीले मलाई खानुपर्‍यो ।

सानो माछाले डराउँदै भन्यो— समान अधिकार पाएर के गर्ने ? म तपाईंलाई कसरी खान सक्छु ? ऐसे म बिदा हुन चाहन्छु ।

ठूलो माछाले सानो माछाको बाटो छेक्दै रिसाएर भन्यो— त्यो त म के जानूँ ? पहिले पो त 'दैवी सिद्धान्त' को युगमा समान अधिकार थिएन र कारण नै नदेखाई कुल्लुक्क खाइन्थ्यो । तर अब प्रजातांत्रिक मान्यताको रक्षाका लागि कारण नै नदेखाई ठूलो माछाले सानो माछालाई खान हुन्न । र बाँच्ने अधिकार हामी दुवैलाई समान छ । यदि तिमी मलाई खान्नौ भने बाँच्नको लागि म तिमीलाई खान्छु भनेर ठूलो माछाले सानो माछालाई कारण देखाएर खायो । 'ऋषि-ऋण' बाट मुक्त हुने परम्परा अक्षुण्ण रूपमा अगाडि बढ्यो ।

नडले चियोरी दातले टोकी आफ्नो शत्रुलाई निर्मूल पार्ने प्रयत्न-

को विकसित प्रक्रिया आज अणु-बमका रूपमा देखापर्नु वस्तुतः 'ऋषि-ऋण बाट मुक्त हुने परम्पराको नै ज्वलन्त प्रमाण हो ।

गृह-निर्माण गर्दा केही ईंट जगमा समाधिस्थ हुन्छन्, केही गाह्रो मा काम आउँछन् र केही दलिनमा रहने सौभाग्य प्राप्त गर्दछन् । गाह्रो निर्माण गर्दा जो ईंट बाहिरपट्टि पर्दछन्, तिनीहरूले शीत, घाम, हावा, पानीको मार सहनुपर्दछ तर जो भित्रपट्टि पर्दछन् तिनीहरू सबै प्रकारक भारहरूबाट पूर्णतः मुक्त हुन्छन् । कोठा अथवा घरको भित्री भाग सजाउने क्रममा यी ईंटहरूमध्ये केहीले भने अवश्य नै आफ्नो छातीमा किला ठोकाउनुपर्दछ । यी ईंटहरूमा सर्वाधिक सौभाग्यशाली ती ईंट हुन्छन् जो दलिनको भित्री भागमा पर्दछन् । जसमा समाधिस्थ हुन पुगेका ईंटहरूले कठांग्रिने शीत बाहेक हावा, घाम, प्रकाश कहिल्यै भेट्टाउन्नन् । तर सम्पूर्ण जगको अस्तित्व जगमा समाधिस्थ भएका यिनै ईंटहरूमा निर्भर गर्दछ । जगका ईंटहरूले भवनको भारलाई मात्र वहन गरेका हुन्नन् अपितु भूकम्प बाढी आदि प्राकृतिक प्रकोपद्वारा प्रलय भएको खण्डमा आफ्नो समयको सभ्यतालाई पनि पुरातात्त्विक रूपमा सुरक्षित राखेका हुन्छन् ।

राष्ट्र पनि एक विशाल भवन हो र राष्ट्रवासीहरू राष्ट्र रूपी भवन-निर्माणका लागि प्रयुक्त हुने ईंट हुन् । यस कारण प्रत्येक राष्ट्रवासीले राष्ट्ररूपी भवन-निर्माणका क्रममा जगदेखि छतसम्म जहाँ पर्न गए पनि समर्पित भावनाले सहर्ष आफ्नो उत्सर्ग गर्नुपर्दछ । यै नै देव-ऋणबाट मुक्त हुने प्रमुख कर्तव्य हो । अन्तमा म आशा गर्दछु– "ब्राह्मणजीबाट कथाको रूपमा अभिव्यक्त, मानवजीवनका प्रायः संपूर्ण क्षेत्र र अङ्गहरूसँग संपृक्त परिपक्व यी अनुभूतिहरूबाट पाठकहरूले धेरै लाभ उठाउनेछन् ।" अस्तु ।

दिनाङ्क : १४ श्रावण २०४२

प्रो० ढुण्डिराज भण्डारी
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

विषय-सूचि

क्र. सं.	कथा	पृष्ठ
१.	मसंग पो सोध्यौ !	१
२.	त्यो त स्वप्न हो !	३
३.	सेवाको परीक्षा !	४
४.	अर्को बाटो छैन	६
५.	निर्बाचन	१०
६,	शक्ति स्वामित्व	१३
७.	आँधो	१५
८.	धर्मको खोज !	१७
९.	नरक कस्तो छ ?	१९
१०.	ईश्वरको रूप !	२२
११.	पुरानो कथा	२४
१२.	मौजाह्रा कार !	२५
१३.	पुर्नर्निर्णय	२६
१४.	आत्मविकासको खोज !	२८
१५.	मूर्ख हो	२९
१६.	समीक्षा	३०

क्र. सं.	कथा	पृष्ठ
१७.	मातृतत्त्व	३२
१८.	कोइली गाइरहेकै छ नि !	३४
१९.	त्यस्तो त कतिले भने !	३६
२०.	व्यतिक्रम	३९
२१.	कहिल्यै सक्तैनस्	४२
२२.	किन भनुं !	४३
२३.	सार्वभौम कार्यक्रम !	४४
२४.	माथि माथि नै छ !	४८
२५.	व्यामोह !	५०
२६.	झ्यार्र !	५१
२७.	ब्राह्मणजीको फोटो	५२
२८.	अन्यथा हुनै सक्तैन !	५४
२९.	संकल्प	५६
३०.	मूर्ति र छाया !	५८
३१.	अवाक् स्थिति	५९

मसंग पो सोध्यौ !

गङ्गाको किनार, मसाननजीकै एउटा ठूलो बटवृक्ष थियो । करीब २ घडी रात बितिसकेको छ । समाजको सर्वतोमुखी आत्महीन व्यवहारबाट विरक्त भएर कुनै एकान्तप्रिय व्यक्ति त्यही वटवृक्षको फेदमा बास बस्न पुग्यो । चौतारामा खास्टो बिच्छ्यायो र आकाशतिर फर्केर त्यो पल्टियो । अनि त्यो एकान्तचिन्तन गर्न थाल्यो । चिन्तनको आवेगमा त्यस विरक्त आगन्तुकले मुन्टो उठाएर एक्कासि वटवृक्षलाई सोध्यो– "समाजमा त्यो यज्ञिय परंपरा अब फेरि आउला त !"

वटवृक्षले जवाफ दिन नपाउँदै नजीकै एउटा ठूलो आवाज आयो– "ओ...म् !!!, असौ स्वर्गाय लोकाय स्वाहा ज्वलतु पावकः ! स्वा.. हा...!!"

× × ×

त्यस विरक्त आगन्तुकले मुन्टो फर्काएर त्यो आवाज सुन्यो र देख्यो– "त्यो ठूलो मसान ! वरपर नाङ्गा काला काला भूतप्रेतहरू गलामा नरमुण्डमाला, हातमा खड्ग, किच्च दाह्रा देखाएर अट्टहास गरिरहेका ! चनाखा काला काला कुकुरहरू छरिएका हाडका टुक्राहरूको निम्ति परस्पर जुध्दै भुक्तै वरपर गस्ती गरिरहेका !

आवश्यक यज्ञिय पात्र नरकपाल, करङ्ग, नलीहाडहरू यत्रतत्र राखिए जस्ता छन् । बीचमा ठूलो चितावेदी छ । त्यस चितावेदीको नजीकै,

धूम्राकार, पर्वतभीमकाय प्रमुख आचार्य वेताल बीचमा र अरू ऋत्विक् भूत, प्रेत, पिशाचहरू वरपर आसन मिलाएर, चारैतर्फ भयावह दृष्टिपात गर्दै बीच बीचमा अट्टहास गर्दै शवमांसको हवन गरिरहेका छन् !—[1]असौ स्वर्गाय लोकाय स्वाहा ज्वलतु पावकः ! अस्यां सार्वजनिक-चितावेद्यां विश्वशान्तियज्ञे भगवते महाकालाय स्वाहा ! स्वा...हा... !!"

उग्र मांसवसागन्धमय वातावरण फैलाउँदै, चट् चट् आवाज गरेर चिता बलिरहेको छ ।

× × ×

देशकालज्ञ, चिरसेवाधूतो बटवृक्षले त्यस विरक्त आगन्तुकलाई हाँस्तै जवाफ दिए– "देखिहाल्यौ नि, यज्ञिय परंपरा कहाँ टुटेको छ र ! बरु भूल त यति भयो कि युगसंग सोध्नुपर्ने कुरा तिमीले मसंग पो सोध्यौ !

●

नोट– १ यो मृतकलाई दागबत्ती दिने मन्त्र हो ।

त्यो त स्वप्न हो !

वर्तमानले चिच्याएर अरू शहीदहरूसहित राष्ट्रपिता त्रिभुवनलाई सोध्यो– "बाहिर-भित्र सहस्रशः चहकिला बत्ती बलिरहेछन्, फेरि किन त्यो बत्ती बाल्न लागेको ?"

× × ×

राष्ट्रिय प्रजातन्त्रदिवस– समारोहको मध्यरात ! टुँडीखेलको चारैतिर पङ्क्तिबद्ध हजारौं बत्ती बलिरहेका छन् । शहीदस्मारक स्वयं रङ्गी-बिरङ्गी बत्तीहरूले प्रकाशमय छ ! स्मारकभित्र चौकोमा दिव्यात्मा शहीद-हरू तेजोमय सजीव मूर्तिमा कार्य-व्यग्र छन् । बीचमा चाँदीको एउटा ठूलो पानस छ । राष्ट्रपिता त्रिभुवन त्यसमा बत्ती बाल्न लागिबक्सेको छ । शुक्र-राज, गङ्गालाल, दशरथ चन्द र धर्मभक्त चारैतिर बसेर त्यसमा तेल थपि-रहनुभएको छ । सौभाग्यवश घुम्दै घुम्दै म त्यहाँ पुगें ! त्यो वेला त्यहाँको वातावरण यस्तो दिव्य, निर्मल, उत्साहप्रद, एवं कौतुकमय थियो– जसले मानौं कुनै नयाँ भावनाको उन्मेष एवं प्रेरणा दिन्थ्यो !

× × ×

अरू चार पूज्य शहीदहरूको मौन एवं स्तब्ध मुद्रामा, चिच्याइरहेको वर्तमानलाई हेरेर राष्ट्रपिता त्रिभुवनबाट के के हुकुम हुन लागेको मात्र थियो, अकस्मात् मेरो मस्तिष्कलाई कोट्याएर विपनाले भन्यो– "त्यो त स्वप्न हो!"

सेवाको परीक्षा

विश्वयोद्धाले तरवार उठाएर आवेशमा भन्यो– ए मेरो विक्रान्त तरवार ! पृथ्वीलाई फेरि रक्तस्नान गराइदे, रूपरेखा बदलिदे !

सुदूर दक्षिणबाट नीरव भीषण अट्टहास गर्दै मृत्युदेवले भने– तेरो जीवन त सेवाको परीक्षा हो मनुवा ! कर्ण र नेपोलियनको चियानमा त, हेर् कुकुर घुमिरहेको छ । अमेय पौरुषको मूर्त रूप, अनन्त ब्रह्माण्डमा तेरो अहंकारको के मूल्य छ ! बिगुलको आवाजमा आफ्नो तरवार छोडेर तैंले यहाँ आइपुग्नैपर्छ ।

× × ×

विश्वले तरबारलाई भन्यो– तरबार, तँ मलाई अविनाशी बना ।

तरबारले भन्यो– यो काम मबाट कसरी हुन सक्ला ? किनकि मेरो प्रयोजक बीर नै हो, त्यो पनि मृत्युतत्त्व नै त ठहरियो, त्यसमा त्यत्रो के खूबी छ कि धार्मिक हिंसा गर्न सकोस् !

विश्वले कलमसित पनि त्यस्तै अनुरोध गऱ्यो– कलम, तँ मलाई अविनाशी बना !

कलमले पनि तुरुन्तै जवाफ दियो– यो काम मबाट कसरी हुन सक्ला ? किन कि मेरो प्रयोजक कवि नै हो, त्यो पनि मृत्युतत्त्व नै ठहरियो, त्यसमा त्यत्रो के खूबी छ कि आत्माको सन्देश दिन सकोस् ।

× × ×

विश्व-कविले कलम उठाउँदै आवेशमा भन्यो– ए मेरो क्रान्तिकारी कलम विश्वलाई नव जागरण दे, भावना बदलिदे !

सुदूर दक्षिणबाट नीरव भीषण अट्टहास गर्दै मृत्युदेवले भने– तेरो जीवन सेवाको परीक्षा हो मनुवा, कालिदास र सेक्सपियरको चियानमा त, हेर् कुकुर घुमिरहेको छ । अमेय काव्यको मूर्त रूप, अनन्त ब्रह्माण्डमा तेरो अहंकारको के मूल्य छ ! बिगुलको आवाजमा आफ्नो कलम छोडेर तैंले यहाँ आइपुग्नैपर्छ !

●

अर्को बाटो छैन

सोझो, निमुखो मान्छेलाई श्रमले भन्यो– "ए दुःखी मनुवा ! तुरुन्त मेरो शरणमा आइज । संसारमा तेरो निम्ति अर्को बाटो छैन" ।

काइँला बाजेले पुर्पुरोमा हात लगाएर आफ्नी जहानलाई भने– "सारै दुःख भयो बाबै ! के गरेर यी लालाबाला हुर्काउने ?"

बज्यैले चर्को स्वर गरेर भनिन्– "अलि टाठोबाठो हुनुपर्छ त अरु जस्तो ! एकोहोरो सोझो भएर, पुर्पुरोमा हात लाएर हुन्छ त ऐलेको कालमा ? त्यत्रा मान्छे श्यामजीकहाँ जान्छन्, तपाईं जानुहुन्छ ? ठूला बडासँग भेटघाट छैन । सबैले मानेको नेता, एउटा बाटो लाइदिन्थे कि ! राजाले चिनेका मान्छे ! छोरी कान्छीको फरिया हेर्नोस् त । पानी लिन जान पनि छोडी, जा पनि कसरी भन्ने ?"

"लौ त"– भनेर काइँला बाजे जुरुक्क उठेर श्यामजीकहाँ पुगेर भने– "ज्यादै दुःख भयो हजुर ! भएका लालाबाला पनि हुर्काउन नसक्ने भइयो । एउटा बाटो लाइदिनुपर्‍यो ।"

श्यामजीले भने– "हेर्नुहोस् काइँला बाजे, कुनै रोगको प्रतिक्रिया गर्नु छभने त्यसको निदानको ज्ञान हुनुपर्छ र सर्वप्रथम त्यसको निराकरण गर्नुपर्छ । त्यस्तै काइँला बाजे, तपाईंले पाउनुभएको दुःखको निदान के हो ? अर्थाभाव ! त्यसको अर्को नाम हो– दारिद्र्य । हामीले त्यस दारिद्र्यमाथि बञ्चरो नचलाएसम्म दुःखको एकान्ततः निराकरण हुन सक्तैन । सक्छ त काइँला बाजे ?"

काइँला बाजेले कपाल कन्याउँदै, रातो मुख लाएर भने– "के भन्नुभएको हो, कुरा सुन्दा त सुनिरहुँ जस्तो लाग्यो । तर आफू नपढेको, लटनुखा । यस्तो कुरा त पटक्कै बुझ्दिनँ बाबु ! तपाइँहरूले भनेको... ।"

"पर्खनुहोस् पर्खनुहोस्, सुन्नुहोस् मेरा कुरा"– श्यामजीले काहिँला बाज्येलाई बोल्नै नदिएर बीचैमा कुरा काटेर अगाडि भन्दै गए– "केही गरे पनि निराकरण हुन सक्तैन । यस्तो दुःख तपाईंले मात्रै पाउनुभएको होइन, देशमा अन्ठान्नब्बे प्रतिशत जनताको यही हालत छ, सबका सब त्यही अर्थाभाव, त्यही दारिद्र्यका शिकार छन् । यसमाथि बञ्चरो नचलाएसम्म कसैको स्थिति ठीक हुँदैन । बुझ्नुभो ? त्यस कारण हामीले अहिले के योजना बनाएका छौं भने, चुनावलाई अब दुई वर्ष बाँकी छ, त्यसमा बहुमत ल्याउन सकियो भने पहिलो नंबर देशव्यापी रूपमा शैक्षिक विकास गर्ने, दोस्रो नंबर जनताको आर्थिक विकास गर्ने । आर्थिक विकासको लक्ष्य पूरा गर्न कस्तो कार्यक्रम लिएर अगाडि बढ्ने भन्ने कुरामा हाम्रो डिस्कस हुँदै छ ! . ... ।

यति भन्दाभन्दै बीचमै कुरा रोकेर श्यामजीले काइँला बाजेलाई भने– "ए काइँला बाजे, तल मंत्रीजीको मोटर आइपुग्यो । मंत्रीजी आउनु-भएजस्तो छ । अर्को महीनाको दश-बारतिर भेटौं न है ? तपाईंहरूलाई हामीहरूले धेरै कुरा सम्झाउनु छ क्या ! अर्को कुरा- तपाईंहरूले जो सक्नु-हुन्छ हामीलाई चन्दा पनि त दिनुपर्छ नि । तपाईंहरूको निम्ति हामीले यत्रो काम उठाएका छौं । तपाइँहरू कुरै बुझ्नुहुन्न ! लौ फेरि आउनुहोस् है !"

'हुन्छ, हजुर'– भनेर काहिँला बाजे घर फर्के । अनि आफ्नी जहानलाई गएर भने– "खै, गएको केही काम लागेन, जान त गएँ" ।

जहानबाहिँले जिज्ञासापूर्ण मुखमुद्रामा सोधिन्– "के भने त ?"

"अ.. ... । कुरै खाएनन् । यस्तो दुःख सबैलाई परेको छ भने । त्यस्ताले के गरिदिन्थे ! अरू कुरा त केके केके गरे, संस्कीर्ति बोल्दा रहेछन् । आफू लटनुखा ! केही बुझ्दा पनि बुझिनँ । अनि को हो फेरि मंत्री पनि आइपुगे । आफू दर्शन गर्न जाऊँ भने यस्तो लाएर गाको । अनि फुत्त भएर

आएँ"– काइँला बाजेले भने ।

"ए, तिमीलाई मात्रै दुःख परेको हो र ?" पो भने । त्यसै भन्छन् भन्ने जानेको भए किन जानु थियो र तिनकहाँ ? तब त श्रीनाथ पण्डित श्यामजीलाई कत्ति गन्दैनन्, निन्दा गर्छन् भन्थे । मान्छे त बिनसित्तिका पो र'छन् । जानुहोस् न त बरु श्रीनाथ पण्डितकहाँ, जे भयो, भयो । एउटाको शरण नलिए भएन त ! केटाकेटी भोकभोकै, नाङ्गा-नाङ्गै भइहाले । हामीलाई त के, जसले गरिदिन्छ, त्यो ठूलो, त्यही धर्मात्मा !"– जहानचाहिँले भनिन् ।

'लौ त' भनेर काइँला बाजे फेरि श्रीनाथ पण्डितजीकहाँ पुगे र भने– "ज्याबै दुःख भयो हजूर ! भएका लालाबाला पनि हुर्काउनै नसक्ने भइयो । एउटा बाटो लाइदिनुपर्‍यो" ।

त्यो सुनेपछि श्रीनाथ पण्डितले बालिष्टमा अडेस लागेर, पान चपाउँदै भने– "चिन्ता नगर्नुहोस् बाजे ! दुःख पर्‍यो भनेर । चिन्ता गरेर, शरीर सुकाएर मात्र के गर्नुहुन्छ ? जन्मनु-मर्नुको नाम नै संसार हो । जन्मेपछि आध्यात्मिक, आधिदैविक, आधिभौतिक तीनै किसिमको दुःख मानिसले भोग्नैपर्छ । असल गुरु भेट्टाउनै यो कलियुगमा गाह्रो छ । बिना गुरु, बिना ज्ञान र बिना आत्मबोध यो दुःखको समुद्र तर्न मुस्किल महामुस्किल छ । तपाईं अर्थाभावलाई दुःख ठान्नुहुन्छ बाजे ! संपत्तिशाली व्यक्तिहरू तपाईंभन्दा दुःखी छन् । अर्थको सन्दर्भ नै दुःखको सन्दर्भ हो । के गरी अर्जन गर्ने भन्ने पहिलो चिन्ता, अर्जन गरेपछि के गरी बचाउने भन्ने दोस्रो चिन्ता ! यसको संग्रहै नगर्ने, चिन्तै नगर्ने मानिस सुखी छन् बाजे ! बरु यी सब कुरा छोडेर आनन्दसँग रामनाम जप्नुहोस् बाजे ! सुखको बाटो त्यही एउटा छ । लौ, मैले जानेको र मैले दिन सक्ने कुरा यत्ति हो बाजे, लौ जानुहोस् ।"

'लौ त– भनेर काइँला बाजे पण्डितजीको घरबाट निस्केर, बाटाभरि मुस्केरा हाल्दै गए र जहानलाई भने– "खै, त्यहाँ पनि केही काम लागेन । व्यर्थै दुःख मात्र !"

जहानआँहिले निधार खुम्च्याएर, कालो मुख लगाएर सोधिन्– "के भने त पण्डितले ?"

"पहिले त तिनले पनि केके केके भने । ती पनि संस्कीर्ति बोल्दारहेछन्, पछिबाट रामनाम जप्नोस्, जानोस् भने । के काम बसिरहने त्यसो भनेपछि, उठेर आएँ । केही काम लागेन"– काइँला बाजेले भने ।

× × ×

समाजवञ्चित, दुःखपीडित मान्छेलाई श्रमले फेरि दोहऱ्याएर भन्यो– "ए मूर्ख मनुवा ! तुरुन्त मेरो शरणमा आइज । संसारमा तेरो निम्ति अर्को बाटो छैन !"

निर्वाचन

वैवस्वत मन्वन्तरकै कुरा हो । मर्त्यलोकमा अशान्ति भैरहेको कारणले ब्रह्मलोकमा सारा देवता, देवर्षिहरूको दुइदिने सम्मेलन भयो । त्यस सम्मेलनले आफ्नो हितलाई दृष्टिमा राखेर मर्त्यलोकमा मानवमात्रले कसैलाई निर्वाचन गर्न पाउने र बहुमतबाट जो निर्वाचित हुन्छ, त्यसैलाई सार्वभौम साम्राज्यको भार सुम्पिदिने भन्ने निर्णय गर्‍यो । उक्त निर्णयअनुसार निर्वाचनआयुक्तमा श्री शनैश्चर नियुक्त भए । प्रचारको लागि पन्ध्र दिन दिएर निर्वाचनतिथि तोकियो । उम्मेदवारमा धर्म र पाप खडा भए र दुवैले स्वयं र आफ-आफ्ना समर्थकहरूद्वारा आफ्नो सिद्धान्त र महत्ताको प्रचारकार्य प्रारम्भ गरे । पृथ्वीभरमा करोडौं प्रचार-मञ्च खडा भए । सर्वत्र मञ्चहरूमा धर्मको नै भूरि भूरि प्रशंसा र गुणगान हुन थाल्यो । जुन जुन मञ्चमा धर्म पुगे, करतलध्वनिका साथ भव्य स्वागत भयो । मानवमात्रमा परस्पर चर्चा हुन थाल्यो– "पापलाई कसले भोट दिन्छ ? धर्मको विजय अवश्यम्भावी छ । अब निकट भविष्यमा विश्वशान्तिको स्थापना हुनेछ" इत्यादि । रामलोचनको अध्यक्षतामा पन्ध्रसय सदस्यको 'धर्मप्रचारसमिति' पनि गठन भयो ।

× × ×

निर्वाचनको अघिल्लो दिन राति, पृथ्वीभरका मतदाता मनुष्यहरूको भेलालाई संबोधन गर्दै पापका समर्थक प्रवक्ताहरूले मञ्चबाट भने– "भोलि निर्वाचन हुँदै छ । हामी तपाईंहरूलाई बलात् आकर्षित गर्न चाहन्नौं ।

भावुकता नलिनुहोस् । तपाईंहरू जसबाट आफ्नो खास हित हुने देख्नुहुन्छ, त्यसलाई मत दिनुहोस् ।"

साथै धर्मका समर्थक प्रवक्ताहरूले पनि, जो पन्ध्र सयभन्दा बढी थिए, उक्त भेलालाई संबोधन गर्दै भने– "हामीहरूले युगौंदेखि पुकारेको धर्मको युग ल्याउनमा अब हाम्रो हात छ । तपाईंहरूको सहयोग र सद्भावनाले अहिलेसम्मको निर्वाचनसंबन्धो वातावरण शतप्रतिशत हाम्रो पक्षमा छ ।"

यो सुन्नेबित्तिकै त्यस पक्षमा कडोरौं ताली पनि आयो ।

× × ×

निर्वाचन एवं मतगणना संपन्न भयो । वरिष्ठ ग्रह, एवं निर्वाचन आयुक्त श्री शनैश्चरले निर्वाचनपरिणाम घोषित गरे– "पृथ्वीका मतदाताहरूको संख्या चार अरब, बयसठ्ठी कडोर, पञ्चान्नब्बे लाख, छयसठ्ठी हजार, सात सय तेईस । निर्वाचनमा गिरेको मत– चार अरब, एकसट्ठी कडोर, त्रियान्नब्बे लाख, पचपन्न हजार, पाँच सय सत्र । त्यसमध्ये चार अरब, एकसठ्ठी कडोर, त्रियान्नब्बे लाख, चउन्न हजार, चार सय सतसट्ठी मत प्राप्त गरेर पाप विजयी हुनुभएको छ र बाँकी एक हजार पचास मत प्राप्त गरेर धर्म पराजित हुनुभएको छ ।

परिणाम घोषणाप्रति विभिन्न पक्षका प्रतिक्रिया यी थिए–

(१) विजेता (अर्थात्–पाप) – यस निर्वाचनमा अवैध तत्त्वले पनि वैधता प्राप्त गरेको छ, किन कि– एक हजार पच्चीस जना पागलले मत दिएका छन् ।

(२) पराजित (अर्थात्-धर्म) – निर्वाचनमा कतै बलात्कार र धाँधली भएको होइन । धर्मप्रचारसमिति-बाहिरका शुद्ध पच्चीस जनाको मत मैले प्राप्त गरेको हुँ । एक हजार

पच्चीस मत धर्मप्रचारसमितिबाहिरका तथाकथित पागलहरूको मत हो, जुन मतको लक्ष्य थिएन ।

(३) मतदाताहरू (प्रत्येकले)	–	मैले त धर्मलाई नै मत दिएको थिएँ ।
(४) धर्मप्रचारक-समिति	–	हामीसंग साधन नै भएन । यो कलियुग हो ।

शक्ति-स्वामित्व

विश्वशान्ति कसरी कायम गर्ने भन्ने सन्दर्भ थियो। देवतत्त्वले मानवतत्त्वलाई भन्यो– "विश्वको व्यापक अशान्ति र अरू पनि भयावह संभावनाहरूलाई हामीले पनि स्वीकार नगरेको होइन। तर दानवहरूसंग युद्धबिराम गर्न हामी यो शर्तमा मंजूर छौं कि– फेरि धोका नहोस्। यसनिम्ति दानवहरूले अनिश्चित कालको निमित्त दानवशक्तिलाई स्वयं प्रयोग गर्न नपाउने गरी तिम्रो जिम्मामा दिउन् न त! यसो हुन्छभने मानव! यो संझौता तिम्रो मध्यस्थतामा भइ पनि हालोस्!"

"कतै यत्रो शक्तिस्वामित्व फेला परिहाल्छ कि!"– यस्तो विचार गरेर मानवतत्त्वले देवतत्त्वलाई भन्यो– "यसो हो र मैले नै गर्नुपर्छभने तिमीहरूको पक्षबाट पनि दानवपक्षमाथि धोखा हुन नपाओस्! यसनिति तिमीहरूले पनि अनिश्चित कालको निमित्त आफ्नो देवशक्तिलाई पनि मेरं जिम्मामा छोडिदिनुपर्छ, तिमीहरूले स्वयं प्रयोग गर्न पाउनुहुँदैन। तिमीहरू मंजूर छौ?"

सर्वांशमा मंजूर छौं'– देवतत्त्वले भन्यो।

दानवतत्त्वले पनि युद्धबाट आजीत भएर मानवतत्त्वलाई भन्यो– विश्वको व्यापक अशान्ति र अरू पनि भयावह संभावनाहरूलाई हामीले पनि स्वीकार नगरेको होइन। तर देवहरूसंग युद्धविराम गर्न हामी यो शर्तमा मंजूर छौं कि– फेरि धोका नहोस्। यसनिम्ति यदि देवहरूले अनिश्चित कालको निमित्त देवशक्तिलाई स्वयं प्रयोग गर्न नपाउने गरी तिम्रो जिम्मा

दिन्छन्‌भने मानव ! तिम्रै मध्यस्थतामा यो संझौता भइहालोस्‌ !"

"कतै अर्को शक्ति-स्वामित्व पनि फेला परिहाल्छ कि !"– यस्तो विचार गरेर मानवतत्त्वले दानवतत्त्वलाई भन्यो– "यसो हो र मैले नै गर्नुपर्छ भने, तिमीहरूको पक्षबाट देवपक्षमाथि कतै धोखा नहोस्‌ ! यस निम्ति तिमीहरूले पनि अनिश्चित कालको निमित्त आफ्नो दानवशक्तिलाई पनि मेरै जिम्मामा छोडिदिनुपर्छ । तिमीहरूले स्वयं प्रयोग गर्न पाउनु हुँदैन । तिमीहरू मंजूर छौ ?"

"सर्वांशमा मंजूर छौं"– दानवतत्त्वले पनि भन्यो ।

त्यसै वेलादेखि मानवले नै विश्वमा देवशक्ति र दानवशक्तिको प्रतिनिधित्व गरिरहेको छ ।

आँधी

"मेरो अगाडि आत्मसमर्पण नगर्ने को ? त्यसको संहार गर्छु, संहार गर्छु !" पृथ्वी कंपाउँदै कालमूर्ति आँधीले आफ्नो वेगमा गर्जेर भन्यो– "हुइँ ! हुइँ !! हुइँ !!!"

त्यो सुन्दा भविष्यले हाँसो थाम्न सकेन र पछिल्तिर हेर्दै, हाँस्तै भन्यो– "ए पागल ! पहिले अलि दौडेर मलाई त भेट् !"

× × ×

चैत्र मास, कृष्णपक्षको रात ! सारा निर्बल जीवहरू कम्पित एवं त्रस्त थिए । चिरसेवाव्रती वृद्ध वटवृक्षले आफ्ना वृक्षबन्धुहरूलाई धैर्य दिंदै भन्यो– "जड शक्तिलाई आत्मसमर्पण त कसैले पनि गर्दैन । देहसमर्पणसम्म मात्र हो । क्षणिक भौतिक जीवनमा भाँचिनु, उखेलिनु त छँदै छ !"

यही कुरालाई दृढ समर्थन गर्दै नदीका कल्लोलहरूले भने– "हो, भाँचिनु उखेलिनु भनेको त यस्तै भौतिक मृत्युका कुरा मात्र हो । मृतक जीवन अर्थात् जडतत्त्वसँगको संघर्षमा चेतनाको पराजय त आजसम्म भएकै छैन ! वरु इतिहास हेर्दा यस्ता उत्पातयोगले कर्मयोगीहरूलाई जीवित मृत्युको अवसरप्रदान गरेको मात्र देखिएको छ ।"

× × ×

भविष्यको व्यङ्ग्यलाई केही नगनेर उल्टो सर्वत्र वज्रचड्का–प्रहार गर्दै क्रूर–कठोर आँधीले झन् गर्जेर भन्यो- "म सर्वशक्तिमान् कालरुद्र हुँ। सर्वसंहार गर्छु– हुइँ ! हुइँ !! हुइँ !!! "

त्यो सुनेर भविष्यले पनि क्रोध एवं उपहासपूर्ण शब्दमा चर्केर भन्यो– "ए पागल, पहिले अलि दौडेर मलाई त भेट् !"

●

धर्मको खोज !

विज्ञानको बलमा जब मानिसहरू स्वर्गमा आउने जाने गर्न लागे, तब नेपालको एउटा सनातनी, तिब्बतको एउटा बौद्धिष्ठ र दार्जीलिङ्गको एउटा क्रिश्चियन स्वर्गमा यस विचारले पुगे-- "त्यहाँ सारा धर्म र काम-क्रोध आदि पनि मूर्त तैजस देहधारण गरेर बस्तछन् र धर्मसँग साक्षात् भेट भएपछि धर्मको सच्चा तत्त्व पनि पत्ता लाग्दछ ।"

स्वर्गका सारा टोलहरू घुमिसकेपछि अन्तमा ती धर्मान्वेषी मानवहरूले धर्मको रम्य निवासस्थान फेला पारे । त्यहाँ एउटा ठूलो मन्दिर रहेछ, ठूलो स्फटिकद्वार पनि । त्यसबाट भित्र पसेपछि उनीहरूले देखे-- ठूलो सभा भइरहेको, हजारौं हजारौं देवतासभासद्हरू श्रोताको रूपमा बसेको, बीचमा स्वर्णसिंहासनमा बसेर धर्मले प्रवचन गरिरहेको ! प्रवचनको अन्तमा ती तीन मानवहरूले धर्मलाई सोधे-- "यहाँ कुनचाहिं धर्म हुनुहुन्छ ?

श्रोता देवताहरू त्यो सुनेर परस्पर हेराहेर गर्न लागे । किन कि उनीहरूको निम्ति मानवहरूको त्यो प्रश्न ज्यादै आश्चर्य र हास्यजनक थियो । अनि धर्मले केही मुस्कुराएर ती मानवहरूसँग भने-- "यहाँ मसिवाय अर्को धर्म त कोही पनि छैन । तपाईंहरू कसलाई खोज्दै हुनुहुन्छ ?" ।

मानवहरूले भने-- "हामी सनातन धर्म, बुद्धधर्म र क्रिश्चियन धर्मलाई खोज्न आएका हौं, वहाँहरूलाई भेट्नु छ ।"

आश्चर्य र विनोदको वातावरणमा एक छिन सभा नै स्तब्ध र मौन

भयो। अनि धर्मले विश्वास दिलाउँदै ती मानवहरूलाई भने– "तपाईंहरूले जुन धर्महरूको नाम लिनुभयो, ती नामहरू मैले त आजसम्म सुनेकै थिइनँ !"

आफ्नो मुखमुद्रालाई केही बदलेर बौद्धिष्ठ र क्रिश्चियन मानवले विनम्र भएर सोधे–"उसो भए बुद्ध र ईशामसीह अहिले कहाँ बस्नुहुन्छ त ?"

धर्मले ती देवता समासद्मध्ये दुई जनालाई अङ्गुलीनिर्देश गर्दै भने– "बुद्ध र ईशामसीह त ऊः वहाँहरू नै हुनुहुन्छ।"

अनि उत्नीखेरै स्मितपूर्ण चेहरामा बुद्ध र ईशामसीहले ती मानवहरूको मुखमा हेरेर भने– "बुद्धधर्म, क्रिश्चियनधर्म र सनातन धर्म भन्ने यस्ता धर्मका नाम त हामीले पनि आजसम्म सुनेका थिएनौं।"

बिचरा ती धर्मान्वेषी मानवहरू भग्नलक्ष्य भएर त्यहाँबाट पृथ्वीतिर फर्किए। बाटामा उनीहरूको बीचमा कहिले धर्मको रहस्यको बारेमा गम्भीर वादविवाद चल्थ्यो। कहिले आफ्नो असफल यात्राको संबन्धमा चर्चा हुन्थ्यो। बाटामा आउन लाग्दा, त्यस्तै प्रसंगमा सहानुभूति प्रकट गर्दै सनातनीले तिब्बतको बौद्धिष्ठलाई भन्यो– "तपाईं हिन्दुस्थान, सारनाथतिर एक पटक जानुहोस् न। त्यहाँका बौद्ध भिक्षुहरूले बौद्धधर्मको बारे यहाँलाई केही तत्त्व दिन सक्छन्।"

यस कुरालाई स्वीकार र समर्थन गर्दै नेपालको सनातनीलाई त्यस बौद्धिष्ठले पनि एउटा सुझाव दियो– "तपाईं पनि हिन्दुस्थानका महाराष्ट्रिय ब्राह्मणहरूसंग संपर्क गरिहाल्नुहोस् न। तिनबाट तपाईं केही न केही पाउन सक्नुहुन्छ !"

एवं क्रमले हिंड्दा हिंड्दा जब सबैको आफ-आफ्नो देशतिर लाग्ने अलगअलग बाटो आइपुग्यो अनि ती दुई सनातनी र बौद्धिष्ठ मानवले दार्जीलिङ्गको क्रिश्चियन साथीलाई पनि एउटा उपाय बताइदिए– "तपाईं पनि एक पटक रोम, जेरुसेलमतिर जानुहोस् न ! किनकि ईशाको जन्मस्थान भएको नाताले, त्यहाँका पोप धर्माधिकारीहरूले आफ्नो धर्मको संबन्धमा केही न केही विशेष ज्ञान जरूर प्राप्त गरेका होलान्। नमस्ते !

नरक कस्तो छ ?

कुनै देवदूतलाई यस्तो जिज्ञासा भयो– "विश्वका विभिन्न समाजहरूमा सामाजिक, राजनीतिक र आर्थिक परंपराहरू कस्ता कस्ता चलिरहेका छन् ।"

यस लक्ष्यको पूर्तिको निमित्त उसले आफ्नो लम्बे यात्रा प्रारंभ गऱ्यो । भ्रमण गर्दा उसले विश्वका विभिन्न समाजहरूलाई देख्यो । आखिरमा प्रेतसमाज हेर्ने इच्छा पनि भएकोले जब त्यो नरकको बाटो लिएर हिंडिरहेको थियो, बाटामा कुनै यात्रीसँग उसको भेट भयो– जो नरकबाट आफ्नो कर्मको भोग समाप्त गरेर फर्किरहेको थियो ।

परस्परको परिचयपछि देवदूतले बडो उत्कण्ठाका साथ त्यस यात्रीसँग सोध्यो– 'नरक कस्तो छ र कहाँ पर्छ, भाइ ? जहाँ प्रेतसमाज रहन्छ ?"

"त्यता पर्दछ–" त्यस यात्रीले धूम-धूमित त्यस दिशातिर अङ्गुलीनिर्देश गर्दै भन्यो– "यता आउनुहोस्, म अरू तपाईंलाई राम्रोसँग देखाइदिन्छु । त्यो टाढा आकाशमा काला काला बादल देख्नुभयो हो कि ! ठीक त्यसैको सीधा माथि यमलोक छ, नरक छ । त्यहाँ एउटा ठूलो राज्य छ, ठूलो सेना छ र जंगी अनुशासन छ ।"

"अनि त्यहाँका नागरिकहरूको जीवन कस्तो छ ? कसरी चल्छ ?"

"कस्तो चल्नु ? एक पेट खाने, दिएको श्रम-यातना भोग्ने !"

"ए, यत्ति मात्र ! अरू बताउनुहोस् न आफ्नो भ्रमण र निरीक्षण-को संबन्धमा ।"

"यस संबन्धमा पनि के बताऊँ भाइ, त्यहाँका सिपाहीहरूले जति घुमाए, त्यति घुमें। जति देखाए, त्यति निरीक्षण गरें। आफूले चाहेर घुम्न हेर्न पाउने ठाउँ हो र त्यो !"

"अरे, त्यसो भए त त्यतातिर जाने प्रयोजनै भएन !"

"जस्तो सम्झनुहुन्छ !"

"त्यहाँ जो राज्य छ, त्यसको उन्नतिविकासको काम पनि केही हुँदैन कि के ?"

"हुन्छ, त्यसो त। राज्यले आफ्नो निमित्त त सब काम गर्छ, गराउँछ पनि। आफ्ना शासक यमराजको कालदण्डलाई ध्यानमा राखेर, आफ्नो श्वास-प्रश्वासलाई नियन्त्रण गरेर र खुद आफूलाई समेत निर्जीव यन्त्र बराबर सम्झेर त्यो प्रेतसमाज निरन्तर त्यही, त्यस्तै काम गरिरहेको देखिन्छ, शासनको तर्फबाट जस्तो उसलाई आदेश भएको छ। यसरी राज्यले उन्नति त होइन, तर आफ्नो विकास त खूब गराउँछ !"

"त्यहाँका नागरिकलाई किन प्रेत भनेको ?"

"जिउँदैमा पनि निर्जीव यन्त्रसरह संचालित हुने र घोटिने भएकोले तिनीहरूलाई प्रेत भन्ने गरेको हो र तिनीहरूको राजा भएकोले यमलाई प्रेतराट् भन्ने गरेको हो। उनलाई समवर्ती पनि भन्दछन्। समवर्ती भनेको चाहिं किनभने उनको शासनमा प्रेतसमाजलाई यसरी समभावले खाना ख्वाइन्छ कि जस्तो गोठमा गाइगोरूहरूलाई बाँधेर बराबर भाग लगाएर घाँस ख्वाइन्छ।"

"तपाईं त्यहाँ किन जानुभएको थियो त नि ?"।

"अरे, म पनि तपाईंजस्तै त्यहाँ घुम्न र हेर्न भनेर गएको थिएँ। तर त्यहाँ पुग्ने-बित्तिकै चित्रगुप्तले आफ्नो ठूलो खाता पल्टाएर एकाएक मसँग भने-"हेर, नियमपालनका साथ हाम्रो हुकूमले तैंले यहाँ सात दिन बस्नैपर्छ।" जब उनले भनेबमोजिम सात दिन बित्यो, तब त्यहाँका

सिपाहीहरूले मलाई तुरुन्त निकालि पनि दिए ।

"तपाईंको निमित्त किन र कुनचाहिं खाता पल्टाइयो त भाइ, यो त बडो गजबको कुरा सुनियो !"

"हो, हो ! त्यस वेला त मलाई पनि त्यस्तै आश्चर्य लागेको थियो । तर पछाडि बिचार गर्दा गर्दा म यो अनुमानमा पुगें कि मानिस-हरू, आफ्नै इच्छाले किन नहोस् ! – जब त्यहाँ पुग्छन्, वास्तवमा तो पनि थोरबहुत आफ्नो कर्मफल भोग्नको लागि त्यहाँ पुगेका हुँदा रहेछन् ! जस्तो आफ्नो कर्मअनुसार पञ्च पाण्डवहरूलाई पनि एक पटक नरक देख्नै-परेको थियो नि !"

"अरे ! मलाई अब यस्तो बीभत्स यन्त्रित समाज हेर्ने त के, सुन्ने इच्छासम्म पनि भएन । भन्नुहोस्, अब म यहाँबाट फर्किएँ भने चित्र-गुप्तले मेरो कुनचाहिं खाता पल्टाउँछ त ?"

"त्यसो भए त थाहा भइहाल्यो नि, तपाईंको कर्म नै शायद त्यस्तो रहेनछ, जुन कारणले नरक देख्न परोस् !" ।

"ए, यस्तो कुरा !, "लौ त म फर्कि पनि हालें"–भनेर त्यो देवदूतले आफ्नो बाटो नै बदल्यो ।

दोस्रो, नरकबाट फर्केको त्यस यात्रीले पनि अर्कै लोकमार्ग पक्रियो । किनकि उसले पनि आफ्नो आत्माको शाश्वत लोकयात्रालाई अरू बढाउनु थियो !

●

ईश्वरको रूप !

अमर्त्य प्रकाशले आएर कुनै धर्माचार्यसँग भन्यो –"परमार्थतः मेरो ईश्वरीय रूपलाई देख्दै नदेखीकन बेकार मेरो परिचयलाई विकृत-विकृत तुल्याएर किन विश्वमा प्रचार गरिरहेको छस् ?"।

त्यो सुनेर धर्माचार्यले उत्तर दियो–"क्षमा गर्नुहोस् । दुनियाँमा जति धर्माचार्य वा धर्मप्रचारक होलान्, ती सब गुरुदर्शनानुदर्शी नै हुँदै आएका छन् । म पनि तिनैमध्येको एक हुँ । यदि तपाईंको त्यस रूप-बर्णनमा गल्ती भएको रहेछ भने, त्यसमा मेरो दोष होइन, मेरो गुरुको दोष हो"।

अमर्त्य प्रकाश यो सुनेर त्यसको पनि गुरुकहाँ पुग्यो र सोध्यो– "किन तँ मानिसहरूलाई त्यस्तो मिथ्या शिक्षा दिने गर्छस्, के तंलाई ईश्वरीय रूप यस्तो छ भन्ने केही पत्ता छ ?"

त्यसले भन्यो–" ए बाबा ! खुद मलाई त कहाँबाट पत्तो होस् ! तर गुरुपरंपराबाट यस्तै परिचय मिल्दै आएको छ । क्षमा गर्नुहोस्–मेरो कुनै दोष छैन ।"

अमर्त्य प्रकाश त्यसको पनि गुरुकहाँ पुग्यो र त्यसै गरी सोध्यो । तर उसले पनि त्यस्तै गुरुपरंपराकै दुहाइ दियो र आफू पार भयो । एवं क्रमले पूर्वपूर्ववर्ती कडोरौं गुरु– आत्माहरूसंग सोध्दै सोध्दै अन्तमा अतीतको द्वार खोलेर अमर्त्य प्रकाश त्यस वृद्धातिवृद्ध त्यस आदिम-तम गुरुकहाँ पुग्यो, जो वनको कन्दरामा प्रकृतिको उपासना गरिरहेको थियो

र देखनमा बानरै जस्तो रोमाञ्चन्न शरीरको थियो ।

परस्परको परिचयबाद अमर्त्य प्रकाशले त्यस वृद्धातिवृद्ध बनेचर-छेउ पनि त्यही प्रश्नलाई उपस्थापित गऱ्यो–"तैंले किन मेरो परिचयलाई यसरी बिगारेर विश्वमा फैलाइदिइस् ?"

अनि त्यस वृद्ध वनेचरले आश्चर्य प्रकट गर्दै जोरसँग हाँसेर भन्यो–" अरे ! मैले त त्यो दिन स्वप्नदृष्ट त्यही आकारविशेषको वर्णन गरेको थिएँ, चराको चुच्चाले खोप्ता सालपत्रमा अङ्कित जुन आकार बिशेषलाई जाग्रत् अवस्थामा मैले आफ्नै आँखाले देखेको थिएँ ! त्यस बखत कुरा यत्ति भएको थियो कि–"यो अजान पक्षीको शिल्प होइन, अनिर्बचनीय कुनै सत्ताको हो !"

●

पुरानो कथा

युगले प्रकृतिसंग गर्व गर्दै भन्यो–" एउटा पुरानो कथा हालूं है दिदी !" ।

"हुन्छ"– प्रकृतिले उत्सुक आकाङक्षामा भनिन् ।

अनि हाँस्तै युगले भन्यो– "एका देशमा सारङ्गी पेट, डोकाको पाटो जस्तो करङ्ग, खट्पाल जस्ता आँखा ! लाखौं मानिसहरू एक गठ भएर, निधारको पसीना पुछ्तै अन्योल, बिलखबन्द भएर परस्पर भनिरहेका थिए– कस्तो देखत चोरी भयो ए भाइहो ! निधारमा पसीना, हातमा ठेला, यत्ति हो हाम्रो भागमा सँधै कि के हो ?"

त्यो खलबल सुनेर, ससाना गाताबन्द पुस्तक बोकेका दुई-चार बूढाले त्यहीं आइपुगेर सेतो दाह्री हल्लाउँदै भने– "पारि पुगेर आफ्नै आँखाले देखेर हामी आएका, बिश्वास गर । तिमीहरूको त्यो गुमेको, ठगिएको र हराएको जति त झन् डब्लिएर पारि पो साँचिदो रहेछ ! पछिलाई त असाध्यै राम्रो भएको रहेछ हैं भाइहो ! कत्ति धैर्य र जाँगर नछोड, बरु कसले कति गर्न सक्छ यहां !

त्यो सुनेपछि त 'हो बुबा ! हो' भन्दै ती मानिसहरू अलग अलग भएर फुटे र खित्का मार्दै आफ-आफ्नो क्षेत्रमा कुँदेर पुगे । अनि जो भएको आफ्नो बल झिक्न थाले ।......

त्यो सुन्दा सुन्दै प्रकृतिले बीचैमा रोकेर हाँस्तै युगसंग भनिन्– केको धाक लाउँछौ भाइ, यसलाई पुरानो कथा भनेर ! नयाँ कथा पनि हाल न कस्तो रहेछ !"

—

भौंजाहा कार !

सडकका यात्रीहरू डरले त्रस्त भएर अगलबगल लाग्थे । किनकि एउटा मोटरकार डगमगाउँदै सर्पगति लिएर दौडिरहेको थियो ।

× × ×

मोटर असलै रात्रै भए पनि ब्रेक खुकुलो थियो, त्यस्तै अरू पुर्जाहरू पनि । ड्राइभर सिकारू थियो, लाइनमा हाँक्न सक्तैनथ्यो ।

× × ×

आफू भएछेउबाट कार अगाडि गइसकेपछि बाटाका सबै यात्रीहरूले लामो श्वास फेरेर "यस्तो मोटर कता लाग्यो हँ ?" भनेर सोद्धा उताबाट आउने सबै यात्रीहरूले दिग्दारीका साथ जवाफ दिन्थे– "तल तलै लागेको थियो !"

पुनर्निर्णय

पञ्चतत्त्वले मूर्ति बनायो, प्राण भरिदियो । भावीले बुद्धि र शक्ति दुवै तत्त्व समावेश गरिदियो– अनि वसुदेव-पुत्र कृष्णको जन्म भयो । त्रेताको दशरथपुत्र रामचन्द्रपछि बुद्धि र शक्ति दुवै तत्त्वले युक्त भएर जन्मेका सौभाग्यशाली शिशु यिनै थिए ।

× × ×

कृष्णजन्मको खबर पाउनासाथ देवराज इन्द्र प्रसन्न भए । देवलोकहरूमा हाहाकार मच्चियो । देवता र दिक्पालहरूको देवराज इन्द्रकहाँ संकटकालीन संमेलन भयो ।

देवराज इन्द्रले संमेलनमा भने– "देवहो ! अघि त्रेतामा रामलाई यसै गरी भावीले बुद्धि र शक्ति दुवै तत्त्वले संपन्न तुल्याइदिँदा हामी सारा देवहरूको विरोध भयो र ब्रह्मसभाले यो निर्णय गरेको थियो– "कुनै एक मर्त्यलाई शास्त्रोक्त लक्षणबाट दिनुपर्ने भएको खण्डमा पनि बुद्धि र शक्तिमध्ये एक तत्त्व मात्र दिनू, दुवै तत्त्व एउटै व्यक्तिलाई कदापि कसैलाई पनि नदिनू ।" यस्तो निर्णय हुँदा हुँदै एकाएक त्यो निर्णय बदर गरेर यसरी एकै व्यक्तिलाई बुद्धि पनि शक्ति पनि दिनु ठूलो अनर्थको कुरा भयो । यही परंपरा कायम गर्ने होभने अब देव र देवलोकको के विशेषता रहने भयो ? दैवी सत्ताले नै अब ढुलमुलिने बेला आयो ।

वरुणले भने– "यो त ज्यादै दुःखदायी घटना हो" ।

अग्निले क्रोधज्वलित भएर भावीसँग भने– "के हो ? हातमा छ भनेर अब बुद्धि शक्ति दुबै एउटै व्यक्तिलाई पनि दिन थालियो, सोचविचारै नगरीकन ?"

भावीले झुकेर भन्यो– "अग्निदेव, माथिको आदेश थियो, मेरो के लाग्यो !"

भावीको कुरा सुनेपछि सबै दिक्‌पाल र देवहरू झस्किए र परस्पर हेराहेर मुखामुख गर्न थाले। केही समयपछि निर्णय गरेर हाम्फाल्दै ब्रह्मलोक पुगे र सबैले संयुक्त स्वरमा ब्रह्माजीसंग भने– "अन्धेर भयो, प्रभु !"

"मैले तिमीहरूको मर्म बुझिसकेको छु। तर बुझेर के लाग्यो। साक्षात् भगवान् विष्णुको आदेश छ !"– ब्रह्माजीले मुस्कुराएर भने।

"किन होला प्रभु !, त्यत्रो निर्णयलाई बदर गरेर...... " इन्द्रले भने।

"कुनै त्यस्तै प्रयोजन होला नि त !"— ब्रह्माजीले भने।

त्यसपछि दिन बित्यो, रात बित्यो। वर्ष बित्यो, अरू वर्ष बिते। जब कृष्ण जान्ने, बुझ्ने भए ! मानवीय उन्नति विकासको सतत बाधक देवराज इन्द्रको पूजाको परंपरालाई नै सर्वप्रथम उनले तोडिदिए।

× × ×

यो प्रतिक्रिया आलै थियो। महावीर, बुद्ध, ईशामशीह मुहम्मद र गान्धीको जन्मसमयभन्दा केही समयअघि समस्त दिक्‌पालहरू र देवहरूको साग्रह अनुरोधमा ब्रह्मसभाले पुरानो निर्णयलाई फेरि दोहोऱ्याएर पास गऱ्यो– "अब उप्रान्त कुनै पनि मर्त्य, एक व्यक्तिलाई बुद्धि र शक्ति दुबै तत्त्व दिनको लागि शख्त मनाही गरिएको छ।"

आत्मविकासको खोज !

मानवले घामसँग सोध्यो– आत्मविकासको बाटो कुन हो ?

घामले हाँसेर भन्यो– यो ज्यादै रहस्यको कुरा छ मानव, आत्मग्लानिलाई कुल्चन सक्छौ भने छायासँग गएर सोध ।

× × ×

मानवले ठूलठूलो परिश्रम गरेर धनदौलत, राज्य, साम्राज्य कमायो । उसको सार्वभौम प्रभाव बन्यो । अनि उसले इतिहासलाई आफ्ना भएभरको शक्ति देखाएर भन्यो– 'कृष्ण, बुद्ध, क्राइष्टहरूको भन्दा पनि मेरो नाम माथि राख ।'

इतिहासले झुकेर बिन्ती गऱ्यो– ''कैयौं पटक यस्तै अलङ्घनीय आदेशमा मैले कतिपय धनकुबेर र सम्राट्हरूको नामलाई कृष्ण, बुद्ध, क्राइष्टहरूको नामभन्दा माथि राखिदिएको पनि हुँ । तर उनीहरूको उद्देश्य चाहिं कत्ति पूरा भएन । चेतन समाजले आत्मबिकासको परिमाणबाट नै व्यक्तित्वको मूल्याङ्कन गर्ने गरेको रहेछ ।''

× × ×

मानवले छायासँग पनि सोध्यो– आत्मविकासको बाटो कुन हो ?

छायाले गम्भीर मुद्रामा भन्यो– 'यो ज्यादै रहस्यको कुरा छ मानव, उन्मादलाई पचाउन सक्छौ भने घामसँग गएर सोध ।'

●

मूर्खहो !

"तँलाई मैले कति सबेरै ब्यूँझाइदिएको ! अझ पनि हात बाँधेरै पो बसेको छस् ?"– नरहरिलाई हावाले भन्यो ।

नरहरिले भन्यो– "बल्ल बल्ल त चार पाँच जना साथीहरू जुटे, मसमेत छ जना ! फेरि घाम पनि यो मध्याह्नको, तालु छड्काउला जस्तो । काम गर्न सजिलो हुन्छ, यो पनि थाकिहालोस् न भनेर !"

× × ×

घाम अलि बैलाएपछि साथी मिलेर हिँड्न लागेको ! बाटामा, हातमा फूलको माला र गुच्छा लिएको, मानिसहरूको एउटा ठूलो भीड भेटियो । भीडबाट एक जनाले सोध्यो– "कता जान लागेको ?"

नरहरिले भन्यो– "सबैलाई दुःख ! बाटो फराकिलो पारौं भनेर खन्न जान लागेको !"

त्यो सुनेर भीडले हाँस्तै भन्यो– "त्यसको लागि त बिहानै नयाँ कमिटी बनिसक्यो । त्यसले मात्र खन्न पाउने रे । रेडियोले भनिसक्यो !"

'ए !'– नरहरिले आश्चर्यमुद्रामा भन्यो– "अनि यो हातमा फूल-माला किन नि ?"

एउटाले भन्यो– "आज बँडरबोटेमा प्रधान मंत्री आउनुहुन्छ रे नि !"

× ×

अनि नरहरिहरू फर्केर अलि पर मात्र पुगेका थिए, हावाले फेरि नरहरिको कानमा आएर भन्यो– "फर्किएर पो के भो र मूर्खहो ! घरमा पल्टनले घेरा हालिसक्यो !"

समीक्षा

सुट, पाइन्ट लगाएका दुई जना यात्री गफ गर्दै पीपलको बोटनेरबाट जाँदै थिए। ती दुईमध्ये एउटाले सोध्यो– "आजकल तपाईं के काम गर्नुहुन्छ ?"

"विश्वशान्तिको निमित्त म एउटा नयाँ दर्शन दिन लागिरहेको छु–" अर्कोले जवाफ दियो।

"ओहो, धन्यवाद है ! त्यो त ज्याबै राम्रो काम हो। त्यसनिम्ति मेरो पनि सहयोग छ। मेरो पनि खास उद्देश्य त्यही हो–" फेरि पहिलोले भन्यो।

ती दुई गइसकेपछि, तिनीहरूको कुराको समीक्षा गर्दै रोचकले सोध्यो– "यिनीहरू कस्ता मानिस होलान् ?"

विवेकले भन्यो– दुइटै पागल !"

× × ×

विवेक र रोचक दुई साथी थिए। बालककालदेखिका ज्याबै घनिष्ठ। दुइटै बी. ए. पास थिए। विवेकको बिषय थियो दर्शन, रोचकको अर्थशास्त्र। दिउँसो घरनजीकै सडकमा चौताराको पीपलबोटमुनि बसेर राष्ट्रिय, अन्तर्राष्ट्रिय वर्तमान गतिविधि र जीव-जगत्बारे पनि उनीहरू तर्कवितर्क, समीक्षा गरिरहन्थे।

× × ×

एकै छिनपछि देख्तै मैलो, झुत्रे, अर्धनग्न एक जना मानिस हिंड्दै आएर चौतारामा विवेक र रोचकनेर बस्यो। आकाशतिर फर्केर एक्लै हाँस्यो र झोलाबाट सातु झिकेर खान थाल्यो। रोचक र विवेकसँग बोल्नु त के पुलुक्क हेर्नसम्म पनि हेरेन। अनि रोचकले त्यसलाई सोध्यो– "तिम्रो घर कहाँ हो ?"

त्यस मैलो झुत्रे मानिसले, कसैको पनि मुख नहेरीकन, आफू जाने बाटोतिर हातले संकेत गर्दै भन्यो– "ऊँ, कहाँ हुन्छ !"

फेरि रोचकले सोध्यो– "त्यो के खाइरहेको ?"

उसले सातुको फाँको मुखमा हाल्दै फेरि पनि मुख नहेरीकन भन्यो– "मैले केही पनि खाएको छैन।'

यति भनेर ऊ जुरुक्क उठेर हिंडि पनि हाल्यो। त्यो जानेबित्तिकै रोचकले विवेकसँग सोध्यो– "यो त पागलै होला, हो कि ?"

विवेकले मुन्टो हल्लाउँदै भन्यो– "होइन यो त जस्तो हुनुपर्ने त्यस्तै सद्दे मानिस हो। कताबाट आइपुगेछ, पछि लाग्न सकेको भए हुन्थ्यो !"

●

मातृतत्व

"प्रभो, विश्वमा सर्वाराधनीय, सर्वोत्कृष्ट, एवं सर्वप्रिय तत्त्व कुन हो ?" ब्रह्मसभामा देवर्षि नारदले झुकेर ब्रह्माजीसँग सोधे ।

ब्रह्माजीले मन्द हास्यमा नारदलाई भन्नुभयो- "गौरीशङ्कर हिमालको तपोवनमा तीन व्यक्ति घोर तप गरिरहेका छन् । तिनीहरू के प्राप्त गर्न चाहन्छन् । पहिले त्यो बुझेर आऊ, गइहाल !"

× × ×

आज्ञानुसार नारद त्यस तपोवनमा पुगे, जहाँ देव, दानव र मानव ठूलो तप गरिरहेका थिए । तपोध्यान-विरामको अवसरमा देवर्षिले उनीहरूलाई सोधे- "तिमीहरू के प्राप्त गर्न चाहन्छौ ?"

तीन ओटै तपस्वीले देवर्षिलाई झुकेर साष्टाङ्ग प्रणाम गरे । अनि सर्वप्रथम देवताले भने- "देवर्षि ! म शान्ति प्राप्त गर्न चाहन्छु- 'या देवी सर्वभूतेषुशान्ति रूपेण संस्थिता !"

अनि दानवले भने- "देवर्षि ! म शक्ति प्राप्त गर्न चाहन्छु- 'या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता !"

अन्त्यमा मानवले भने- "देवर्षि ! म सिद्धि प्राप्त गर्न चाहन्छु- 'या देवी सर्वभूतेषु सिद्धिरूपेण संस्थिता ।"

त्यो सुनेपछि देवर्षिले प्रसन्न मुद्रामा सबैलाई आशीष दिए- "यथाशीघ्र कामना पूर्ण होस् !"

× × ×

फर्केर नारद ब्रह्मलोक पुगे। ब्रह्माजीले स्मितपूर्ण मुद्रामा नारदलाई सोध्नुभयो– "विश्वमा सर्वाराधनीय, सर्वोत्कृष्ट, एवं सर्वप्रिय तत्त्व कुन रहेछ, पत्ता लगायौ नारद !"

नारदले झुकेर बिन्ती गरे– "लगाएँ प्रभो ! त्यो तत्त्व शान्ति-शक्ति-सिद्धिरूप मातृतत्त्व नै रहेछ– 'या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता !"

कोइली गाइरहेकै छ नि !

कविताले राजनीतिलाई भनिन्– सिंगारको निमित्त के कस्तो सामग्री जोड्नुपर्ला दिदी ?

अलि बेर पर्ख न बहिनी, पहिले मूर्ति त बनाइहालूं ! राजनीतिले हाँसेर जवाफ दिइन् ।

× × ×

राजनीतिले जीवनको निमित्त जमीनबाट अग्ला-अग्ला रूखहरूलाई काटेर गिराइन्, काँडा पन्छाइन्, युग-युगको विषमतालाई मिटाइन् र त्यसमा एउटा राम्रो महल खडा गरिन् । चारैतर्फ सुन्दर उपवन, फल-पुष्पमय तरुलताहरू, बीचमा एउटा मनोहर सरोबर !

यस सुन्दर दृश्यमा, यस प्राकृत वैभवमा उनले सुगन्ध पनि भरिदिइन् । मानिसहरूलाई शारीरिक मानसिक दुवै तृप्ति मिल्यो । जब यस्तो नयाँ सिर्जन भयो, हातमा सितार लिएर अभिनयको चालमा कविता आइन् र मुग्ध भएर ती दृश्यहरूलाई संकेत गर्दै गर्दै चित्रमय संगीत पनि गाउन थालिन् । कुनै वसन्तको समारोहमा उनले राजनीतिलाई भनिन्– "एक छिन त सुनिदिनुहोस् न दिदी, मेरो संगीत कति मधुर छ !"

"मलाई कहाँ त्यति फुर्सत छ र बहिनी ! कोइली गाइरहेकै छ नि, संगीत सुन्न मलाई खट्ट छ र ! –" राजनीतिले जवाफ दिइन् ।

× × ×

केही समयपछि कविताले राजनीतिलाई भनिन्- किन दिदी, आजकल त मलाई कुनै नयाँ गीत नै आउँदैन !"

राजनीतिले हाँसेर जवाफ दिइन्- "केही समय पर्ख न बहिनी, देशमा नयाँ रंग त म भरिसकूँ !"

त्यस्तो त कतिले भने !

अमर्त्य ज्योतिसँग मानवले सोध्यो– "राम, कृष्ण, बुद्ध, गान्धीले त विश्वमा ठूलै काम गरेर गएका हुन्, हो कि ?"

"अँ..., सानो छोटो आँखाले हेर्दा !"– अमर्त्य ज्योतिले हाँसेर भन्यो ।

× × ×

वैशाख महीनाको साँझ साँझको वेला, भयङ्कर आँधी चलिरहेको थियो । मेघनाथ जङ्गलको बाटो आफ्नो घर जान लागेको, अकस्मात् आँधीले सालको रूख ढाल्दा त्यसमा परेर भुतुक्कै भयो, साथै संगैको रूखमा कागका भालेपोथीले गुँड लगाएको रहेछ, रूख ढल्दा त्यसमा ठक्कर लागेर कागका भाले-पोथी पनि खुत्रुक्कै भए । ती तीनौटैको पृथ्वीसँग नाता टुट्यो । यमदूत आएर तीनौटैलाई सँगै यमलोक पुऱ्याए । चित्रगुप्तले कर्मफल दिनको लागि खाता पल्टाएर, जाँचेर आदेश दिए– "यी तीनौटैलाई चार नं. शिविर, खाना नवम श्रेणी, कैद !"

त्यो सुन्नेबित्तिकै मेघनाथले विरोध गर्दै चित्रगुप्तसँग भन्यो– "जन्म पाएर केही केही गर्न नसकेका यी कागको र मेरो एउटै स्थान भयो ? यो त अन्याय भयो !"

आफूलाई घटाएर बोलेको सुनेपछि काकदम्पतीले क्रुद्ध भएर चित्रगुप्तको अगाडि मेघनाथलाई भने– "केही गर्न नसकेका भनेर किन

हामीलाई घटाउँछौ ? हामीभन्दा तिमी के काम गरेर बढ्ता भयौ त ?"

मेघनाथले झन् आवेशमा आएर भन्यो– "तँ काग होस्, म मानिस हुँ !"

कागले भन्यो– "जातबाट पनि कतै केही गरेको, नगरेको वा ठूलो सानो भन्ने हुन्छ ?" जन्मियो, बढ्यो, जहान ल्यायो, आफू आफू अटाउने वास जोड्यो, चारा खोज्यो, खायो, बच्चा पायो, हुर्कायो, पछि त्यसैलाई घर जिम्मा लायो, अनि अन्तिम सास फेर्‍यो ! के राजा के रङ्क ! के धर्माचार्य के बगरे ! के कवि के सैनिक ! के मानिस के काग ! पृथ्वीका अरबौं देहधारीको इतिहास– राम, कृष्ण, बुद्ध, गान्धी जस्ता महामानवहरूलाई छोडेर– यत्ति होइन ? के धाक लाउँछौ ! फरक यत्ति हो– तिम्रा जहान-बच्चा अटाउन अलि ठूलो गुँड चाहियो, मलाई सानो गुँड भए भयो । तिमीहरूको भूँडी ठूलो भएकोले विशेष धन्दा गर्नुपर्‍यो, हाम्रो भूँडी नै सानो ! चुच्चाकै भरले पुग्यो । त्योभन्दा के बढ्ता गर्‍यौ त तिमीले ? कसैको उपकार गरेको होइन, उद्धार गरेको होइन ।"

मेघनाथले अलि मलिन चेहरामा भन्यो– "मैले गर्न सकिन हुँला, तर मनुष्य जातिमा लोकोत्तर व्यक्तित्वहरू जन्मिए, यो त मान्छौ ? तिम्रो काकजातिमा के त्यो संभव भयो ?"

"किन भएन त ! विश्वचराचर-स्वामी शिवजीभन्दा ठूलो त कोही पनि छैन । तिमी यो कुरालाई त मानौला नि ?"– कागले भन्यो ।

मेघनाथले दृप्त स्वरमा भन्यो– "किन मान्दिनँ त्यो त !"

"हो, त्यसो भए जाऊ अहिल्यै हेर्न नीलगिरिमा, त्यस्ता त्रैलोक्यपति शिवजी पनि हाम्रा माननीय काकभुशुण्डीकहाँ गएर आदर र श्रद्धाका साथ उनको श्रीमुखबाट रामायणकथा सुनिरहेका हुन्छन् ! राजा दशरथको दरबारको आँगनमा जो नभए, जसले नखेलाए, शिशुअवस्थामा भगवान् रामचन्द्रजीलाई ज्यूनार गराउन गाह्रो पर्थ्यो ! के हाम्रा काकभुशुण्डीको व्यक्तित्वबराबरको व्यक्तित्व मनुष्यजातिमा कसैले बनाउन सक्यो ? के काकभुशुण्डी काग होइनन् ? मनुष्य हुन् ? बरु भनूंभने बढ्ता निन्दा हुन्छ ।

राम, कृष्णहरू जस्ता बाहेक अरू अरबौं तिमीहरू जस्ता मनुष्य मनाउँदाहरू-लाई त महर्षि व्यासले पनि कुकुरकै कोटीमा राखेका छन्- "औपस्थ्य-जैह्व्यकार्पण्यात् गृहपालायते जनः !"...

यति भन्दा भन्दैमा यमदूतहरूले ती तीनौटैलाई निर्दिष्ट स्थानतिर घचेटि पनि हाले ।

× × ×

मानवले फेरि पनि अमर्त्य ज्योतिसँग भन्यो- "राम, कृष्ण, बुद्ध, गान्धीले त विश्वमा ठूलै काम गरेर गएका हुन्, हो कि ?"

"कति पटक सोध्छौ तिमी, उही कुरा ! गरेर गएका भए के व्यवस्था भयो त खै, विश्वमा ?"- अमर्त्य ज्योतिले भन्यो- "गरेर गएका होइनन्, भनेर गएकाचाहिं हुन् । तर त्यस्तो त कतिले भने, कतिले भने !"

व्यतिक्रम

जहानको फरिया फाटेको छ, छोरो सिकिस्त बिरामी छ, औषधी छैन– यस्तै बिभिन्न वैयक्तिक समस्याबाट चिन्तित महाचिन्तित भएर शम्भुले राति सुत्ने बेलामा बिचार गऱ्यो– "बिदेशिएरै गए कतै केही चान्स पो मिलिहाल्थ्यो कि !"

× × ×

स्वप्नमा कुनै एक देवदूत आएर मायाद्वारा शम्भुलाई बेलायत पुऱ्यायो र भन्यो– "तँ यस देशको बादशाह बन्, मान्छस् ?" यो बेलायत हो ।

शम्भुले हर्षविभोर भएर तत्काल मन्जूर हुँदै भन्यो– "मान्छु, किन नमान्ने ?"

तर, तैंले एक शर्त मान्नुपर्छ– "तैंले आजसम्मको आफ्नो भनेको जति सबै कुरा त्याग्नुपर्छ । आफ्नो नाम, रूप, देश, जन्मस्थान, परिवार, जाति, धर्म- संस्कृति, भाषा, भेष, शिखा-सूत्र, खानाका प्रक्रिया इत्यादि कुनै कुराको सम्झनासम्म गर्न हुँदैन । सम्झिइस् मात्र भने पनि चौबीस घण्टा-भित्र तँलाई प्राणदण्ड हुनेछ । आजदेखि तेरो नाम हर्बर्ट क्रूसो भयो । मान्छस् ?"

त्यो सुन्दा शम्भुलाई कस्तो कस्तो लाग्यो, झट्ट गहिरिएर सबै कुरा सोच्न पनि सकेन । तर केही प्रश्न गर्दा त्यत्रो उपलब्धि बिग्रिहाल्छ कि

जस्तो पनि लाग्यो र अर्धमनस्क भएर जबाफ दिइ पनि हाल्यो–"मन्छु ।"

जबाफ दिइसकेपछि उसको आँखाअगाडि आफ्नो घर, परिस्थितिको चित्र नाचिरहेको थियो । शर्तबमोजिम त्यसलाई बलात् रोकेर शम्भु बेलायतको बादशाह भयो । तेह्र दिन बित्यो । चौधौं दिन बिहान उसका अगाडि राखिबिएका समाचारपत्रहरूमध्ये शम्भु बेलायत पुगेको तेस्रो दिनको 'गोरखापत्र' पनि थियो, जसमा "सुतेको सुत्यै गायब" शीर्षकमा शम्भु हराएको र उसका जहानबच्चाको बिचल्लीको खबर छापिएको थियो ।

यो समाचारले शम्भुलाई पनि बिचलित पार्‍यो– ऊ कहाँ पुग्यो, कहाँ पुग्यो ! उसले सोच्न थाल्यो– "मेरो यस उन्नतिमा हर्ष-खुशी मनाइदिन, मैले यहाँ को मित्र पाउने ? जसको हर्षले मलाई अरू उत्साहित गरोस् ! शत्रुको पनि जीवनमा ठूलो महत्त्व रहेछ । अर्काको यो नयाँ समाजमा मैले यहाँ को शत्रु पाउने ? जसको अगाडि मेरो यस उन्नतिको धाक जमोस् ! जीवनको नाटकमा, के म एक्लै एकान्त वनमा गएर, बहुमूल्य वस्त्र एवं आभूषणले सिंगारिएर नाच्न थालूं ? जहाँ रूख र लहराबाहेक मेरो पैह्लन र त्यस नृत्यकलाको मूल्य सम्झने गुणग्राही कोही छैन ! हर्ष, सहानुभूति, द्वेष, ईर्ष्या राख्ने मेरो प्यारो समाज कहाँ छ यहाँ ? मेरा शत्रु आज हाँसेका छन् । मेरा जहानबच्चा, इष्टमित्र, बन्धुबान्धव आज रोएका छन् । किनकि मेरा यच्च यावत् प्रिय पक्षहरूको लागि म मरिसकेको छु । यस दुनियाँमा छैन । किनकि बादशाह हुने लोभमा ती सबलाई त्यागिदिने शर्त गरेर मैले असह्य व्यतिक्रम गरिसकेको छु !"

यो सब तर्कवितर्कले शम्भुलाई यसरी संत्रान्त तुल्यायो, उसले आवेग र आवेशमा आफ्नो सेक्रेटरीलाई बोलायो र आफ्नो घर, नेपालमा तुरुन्त यो तार गरिदिनू भन्यो– "म बेलायतमा छु, चिन्ता नगर्नू ।"

यति अर्डर गरेर, विस्तृत रूपमा आफ्नो स्थितिको जानकारी दिन घरको लागि पत्र लेख्न थाल्यो । धेरै बेर लगाएर लेखि पनि सक्यो । खाम बन्द गर्‍यो । ठेगाना लेख्यो । फेरि आफ्नो सेक्रेटरीलाई त्यो चिठी एयरडकुमेन्ट गर्न बोलायो । सेक्रेटरी अगाडि मात्र आइपुगेको थियो,

शम्भु देवदूतले दिएको चेतावनी सम्झिएर झसङ्ग भयो– 'प्राणदण्ड हुनेछ !' अनि एक्कासि उसले सेक्रेटरीलाई भन्यो– "त्यो तार गयो ?"

उसले निवेदन गऱ्यो– 'गइसक्यो सरकार !' शम्भुले तत्काल भयकम्पित स्वरमा भनिहाल्यो– "भैगो, जाऊ ।"

सेक्रेटरी कोठाबाट निस्कनेबित्तिकै ठूलै के के शक्ति कोठाभित्र पसेजस्तो, भूकम्पभएजस्तो, के के कालो छाया आएर छोप्न लागेजस्तो शम्भुलाई लाग्यो र उसले सर्वत्र अन्धकार देख्यो, मुटु हल्लियो, उसको होसहवास भएन ।

× × ×

आधा रात थियो । शम्भु झल्यांस्स ब्यूंझियो । उसको बिरामी छोरो एक सय चार जरो, न्यूमोनियाले इन्तुनचिन्तु थियो । उसकी जहान बसेर छोरो कुरिरहेकी थिई र चिन्ताले आकुलव्याकुल थिई–"औषधी भएन !"

कहिल्यै सक्तैनस्

अनन्त, अभेद्य, अनिर्वचनीय परा सत्ताले केही मुस्कुराएर भन्यो– विज्ञान, तैंले त मानवलाई 'सत्' को सबका सब कुञ्जी नै सुम्पिदिइस् हैन ?"

× × ×

वैज्ञानिकले बीसवीं शताब्दीको आफ्नो सफलताप्रति संकेत गर्दै भन्यो– "अरे ! यो दुनियाँमा हामी के गर्न सक्तैनौं !"

घुच्चाले जमीनबाट कनिका टिप्तै कुखुराको एउटा चल्लाले भन्यो– "के तँ मेरी आमाले झैं फुल पार्न र मँजस्तोलाई बनाउन सक्छस् वैज्ञानिक ? सक्तैनस् । कहिल्यै सक्तैनस् "।

यो सुन्नेबित्तिकै मशानमा जति काला काला पत्थर थिए, सब अट्टहास गर्न लागे ।

× × ×

विज्ञानले हात जोडेर त्यस परा सत्तालाई जवाफ दियो– "प्रभो, 'सत्' को कुञ्जी त आजसम्म पनि हिरण्मय पात्रले ढाकिइ नै राखेको छ । त्यो कस्तो छ, मेरो दृष्टिमै त परेको छैन !"

●

किन भनूँ !

हाम्री केटाकेटी, अलि अलि जान्ने हुँदा हाम्रा बज्यै, जीबाहरू आफआफूमा कुरा गर्नुहुन्थ्यो– " यो घरमा सानो टाउको, ठूलो भूँडी भएको भैंसे पिचास छ, धर्तीकै शत्रु ! "

× × ×

एउटा पुरानो घर थियो– जर्जर । वरपर रूख लगाएको, नजीकै खोलो खोल्सो बगेको । अलि पर वन-पखेरो, चितुवा स्याल लुकेको ! युगौं-देखिको पुरानै ढाँचाको घर । मर्मत गर्न पनि बल नपुगेको । कहिले यताको गारो भत्कने, कहिले उताको । पाली हाल्यो, त्यही उध्रियो । मानिस बस्ता बस्तै कोठैबाट तारा गन्न सकिने भइसक्यो । चोटामै अनेकथरी बिरुवा, घाँस उम्रिसके । मौसम मौसममा पटक पटक जोडको आँधी आउँछ, त्यो पनि घरै थर्काउने र चिर्ने, फुटाउने मात्र ।

पुरानो घर हो भनेर आजकलका विदेशीहरू ढाँचा हेर्न आउँथे । पस्नेबित्तिकै तलमाथि हेर्थे । आँखामा धूलो पर्थ्यो, आँसु बग्थ्यो । ती निस्कन्थे । तिनमध्ये कसै-कसैलेचाहिं मन पगालेर त्यहाँका बासिन्दाहरूलाई सोध्थे– "यो घरलाई किन मर्मत नगरेको ?"

बासिन्दाहरू छिनेको स्वरमा जबाफ दिन्थे— "किन भनूं ! मुन्टो उठाउनै पाइन्न, बिसञ्चै बिसञ्चो ! कति भइसक्यो बेथाले चापेको !"

× × ×

साँच्चै हो, यो घरको माटो देखाउँदा जान्नेहरू पनि भन्थे– "यो घरमा पिचास छ । चिन्ता नगरी हुँदैन । नत्र यसले कहिल्यै घर सङ्लन दिंदैन !"

●

सार्वभौम कार्यक्रम !

पौष मासको आधा रात, मुटु छेड्ने चीसो हावा, वंडरेको माझ जंगलमा रक्सी पिएर मस्त भएर भूत प्रेत, वेताल, पिशाचहरू कोही गाइरहेका, कोही मादल बजाइरहेका ! मण्डलाकार भएर युवती डाकिनी, शाकिनी, पिशाचिनीहरू नरमुण्डमाला लगाएर नाचिरहेका !

बीच-बीचमा यस्तो मनोरञ्जनकार्य चलिरहन्थ्यो तापनि आज विशेष कार्यक्रमको बारेमा छलफल गर्न नै उनीहरू त्यहाँ जुटेका थिए । यसै बीचमा वेतालले भन्यो– "अब कार्यक्रमको बारेमा छलफल प्रारम्भ गरौं । अनि पछिबाट यस्ता युगलनृत्यको आनन्द लिएर आजको कार्यक्रम टुंग्याउँला ।"

× × ×

सुकेका रूखका बडे बडे मूढा जोतेर देख्तै भयानक बनाएर आगो दन्काइएको थियो । रिङ्गै त्यसको वरिपरि भूत, प्रेत, पिशाच, वेतालहरू, डाकिनी, शाकिनीहरू बसेका थिए । ठर्रा कपाल, देख्तै डरलाग्दा दाह्रा, बलेका आँखा ! एउटा भीमकाय पिचासले भन्यो– "धामी, झाँक्री भन्ने जतिलाई त हामीले बिमाखै नपारी भएन । किनभने अरू जातको मासु, रगत केही पनि त्यति स्वादिलो हुँदैन । हामीले खानुपर्ने मनुवाकै रगत मासु हो । अब त्यो खान पाउन ज्यादै गाह्रो भयो । गाउँपिच्छे झाँक्री धामी छन् !"

अनि ठूलो पेट, सानो घाँटी, सुइंखुट्टे, कालो प्रेतले दाह्रा किच्च देखाएर भन्यो– "मेरो त्यही हालत छ । पंधेरामुनि खोल्सामा म बसेको छु ।

ऊँसो छक्काल, साँझमा आइपुगेका कैयौं मनुवाहरूको मुटु कुट्‌कुट् खान
थ्यें अघि त । आजकल त जब खान भनेर मनुवाभित्र पस्छु, एउटा निकै
नाखो तान्त्रिक छ, आउँछ । के के तन्त्रमन्त्र गर्छ, फुक्छ । आफू त मागाभाग !
बसेकै ठाउँको नाम लिएर, फलाना ठाउँको प्रेत लागेछ पनि भन्छ । कसरी
ान्दछ, कसरी जान्दछ ! यसरी कसैको मुटु खाऊँ भनेर कति पटक जंका
न्यो, असफलै असफल । त्यसको त फुक्ने मंत्र पनि श्लोकमा छ, सुन्दा सुन्दा
लाई कण्ठ पनि भइसक्या' छ ।"

अनि सबले कौतुकसाथ हाँस्तै भने– "सुनौं सुनौं, कस्तो रहेछ !"
प्रेतले स्वर मिलाएर मंत्रका श्लोकहरू सुनायो–

"ॐ ह्रीं ह्रां बलविद्विषो भगवतः स्वाहा बषट् वह्नये
वौषट् प्रेतकुलेश्वरस्य सततं क्रव्यादभर्त्रे बषट्
ऐं ह्रीं पाशभृतः स्वधा मुरजिते श्रीदस्य चेशस्य च
क्लीं श्रीं पुष्पवतो भुजङ्गमपतेर्हुं फट् ग्रहाणां च हुम्
लक्ष्मीं श्रीपतिवक्षसः कमलभूवक्त्रोदरात् भारतीम्
सूर्याचन्द्रमसौ च तारकपथात् पातालतो वासुकिम्
सार्धं मातलिहस्तिमल्लसुमनःकल्पद्रुदम्भोलिभिः
कर्षामि त्रिदशालयात् बलभिदं तन्त्रेण मन्त्रेण वा"

त्यो सुनेपछि सबै भूत, वेताल, पिशाचहरू र डाकिनी, शाकिनीहरू
अट्टहास गरेर हाँस्न थाले । यसै बीचमा अकस्मात् एक जना मानिस वनको
गोरेटो हिँड्दा हिँड्दै झुक्किएर गोठालाहरूले घाँसपात गर्ने बाटो लिएछ र
गुमराह भएर जंगलभित्र घुम्दा घुम्दा टुप्लुक्क त्यहीं आइपुगेछ । त्यसलाई देख्ने–
बित्तिकै दौडदै गएर पिचासले समातेर ल्यायो र घेराभित्र हालिहाल्यो ।
बिचरा निरपराध त्यो मानिसले भयकम्पित हुँदै आत्तिएर रुँदै भन्यो– "म
निरपराध छु । यहाँहरूलाई जस्तै मलाई पनि आफ्नो ज्यानको माया छ ।
तपाईंहरूका जस्तै मेरा पनि जहानबच्चा छन् । मैले नहेरे तिनीहरू मर्छन् ।

म मरेंभने तिनीहरूको सारै बिचल्ली हुन्छ । ती सबैको पाप यहाँहरूलाई लाग्छ । ज्यादै ठूलो पाप लाग्छ । त्यस कारण मलाई दया गरेर छोड्दिनुहोस् । म आजन्म तपाईंहरूको भक्त बन्नेछु । बिन्ती मलाई नमार्नुहोस्, जीवनदान दिनुहोस्, अश्वमेध यज्ञ गरेको फल यहाँहरूलाई मिल्छ । बिन्ती छ । मलाई नमार्नुहोस् ।"

त्यो सुनेपछि डाकिनी शाकिनीहरूतिर फर्केर पिचासले भन्यो– "ए ! यसले कराएर यहाँ छलफलै गर्न दिएन । तिमीहरू यसलाई बनाउन थाल । टाउकाको गिदीचाहिं मलाई नबिर्सनू है, मलाई ज्यादै मन पर्छ ।"

अनि मनुष्याकार, सेतो चेहरामा दाह्रा देखाउँदै बेतालले हाँसेर प्रेततिर फर्केर भन्यो– "अघि के भनेको प्रेतजीले ? कसरी जान्दछ, कसरी जान्दछ रे !, जान्दैन त त्यत्रो तन्त्रमन्त्र बोकेपछि !"

"त, त्यो कत्रो कुरा हो र !"– बेतालको कुरालाई समर्थन गर्दै भूतले भन्यो– "पिचासजीले भनेजस्तै धामी झाँक्री बिमाख पार्ने लक्ष्य त ठीक छ, तर अब प्रक्रियाको प्रश्न छ– "अब युग अर्कै आएको छ । बिरोधी धामी झाँक्रीहरूको मंत्रतन्त्र असफल तुल्याउन अब हामीले पनि निरोधक तन्त्रमन्त्रवादी नभई सुखै छैन । अब हाम्रो दाह्रा मात्र देखेर कोही तर्संदैन । मेरो प्रस्ताव कस्तो लाग्यो ?"

बेतालले आगन्तुक मनुवाको मुटुको टुक्रा चपाउँदै, नयाँ सुझावका साथ त्यस प्रस्तावलाई पनि समर्थन गर्दै भन्यो– "दाङको हरिकेशे भूतले जस्तै हामीले मनुवासँग दिनमा पनि संपर्क, सहभोज, सहक्रीडा, सहसंलाप आदि आदि मेलमिलापका कार्यहरू पनि अब प्रारम्भ गर्नुपर्छ । एउटा देश-लाई मात्र दृष्टिमा राखेर हामीले काम गरेर हुँदैन । अब हाम्रो युगानुकूल सार्वभौम कार्यक्रम नै हुनुपर्छ ।"

× × ×

यसमा सबैको राय एक भयो । अर्को मिटिङ्ग अर्को शनिबार अफ्रिकाको जंगलमा गरिने निर्णयका साथ छलफल टुँगियो ।

× × ×

वेतालको पूर्वनिर्धारित कार्यक्रमअनुसार प्रेत र शाकिनी, वेताल र डाँकिनी, पिचास र पिचासिनी यस्तै यस्तै जोडा मिलेर मनोहर युगलनृत्य प्रारम्भ भयो। कसैले स्वर मिलाएर संगीतहरू गाए। कसैले मादलहरू बजाए। हजारौं तरुलताहरूले र आकाशका झिमिरे ताराहरूले पनि त्यो दृश्य हेरिरहेका थिए।

●

माथि माथि नै छ !

"अनीति र अनाचारको स्रोत कहाँ छ ?"– किसानको आविष्ट अन्तरात्माले सोध्यो ।

× × ×

बर्सातको समय थियो । नदीको किनारमा, आफ्नो खेतमा पानी लगाउन जाँदा किसानले यो पत्तै लगाउन सकेन– "उसको खेत कहाँ थियो ।

उसको खेतमा त मजासँग नदी पो बगिरहेको थियो । नदीका कल्लोलहरू नाच्तै नाच्तै तलतिर गइरहेका थिए । कति श्रम त्यहाँ भिजेको थियो, कत्रो आशा त्यहाँ बाँधिएको थियो, सबका सब पानीमा मिल्यो ! – "यो कस्तो उन्माद र अभिमान भरिएको अत्याचार हो ? यस्तो गरिदिने कुन दुराचारी स्वेच्छाचारी हो ? जसले मेरा त्यतिका बाल-बच्चाहरूको जीवनसँग खेलवाड गरिदियो ?"– यस्तो विचार गरेर त्यस किसानले नदीको बीचमा उभिएर सोध्यो– "यस्तो अनाचार गर्ने को हो ?"

नदीका परवश कल्लोलहरूले त्यस किसानलाई अनायास जवाफ दिए– "हामी त केवल प्रेरित हौं भाइ, माथि गएर सोध !"

किसानले दश कदम माथि गएर पनि जब त्यसै गरी सोध्यो, त्यहाँका कल्लोलहरूले फेरि उसै गरी जवाफ दिए– 'माथि गएर सोध ।

किसानले त्योभन्दा पनि माथि गएर सोध्यो - फेरि उस्तै जवाफ आयो। यसरी माथि माथि जाँदै सोध्दै, त्यस्तै जवाफ पाउँदै किसान पनि अग्लो पहाडमा पुग्यो– जहाँ अगलबगलमा भड्खारै भड्खारा, भीरै भीर थिए, तीखा तीखा काँडै काँडा थिए। जहाँबाट अलिकति चिप्लिएर पनि ज्यानमा आशङ्का हुन्थ्यो। योभन्दा पनि माथि त झन् यति भयानक र दुर्गम थियो, जुन ठाउँ हरबखत गर्जिरहेका त्यस्ता विवेकहीन जनावरहरूले घेरिएको थियो, जो क्रूर र हिंसक थिए !

यी सब देखेपछि किसान गुमराह भयो र तर्सन, निराश हुन र सुस्केरा हाल्न थाल्यो। एकाएक उसले यो पनि सोच्यो– "माथि माथिका स्रोतहरूमा पुगेर पैरवी गर्नु हामीजस्ताको निमित्त ज्यानबाट हात धुनु हो। सर्वोच्च हिमालमा पुग्न सक्ने कुरा होइन !" त्यसपछि त्यो किसान फेरि फर्केर जहाँबाट गएको थियो, त्यहीं, आइपुग्यो।

व्यामोह !

बगरेले बथानबाट छुट्याएर दुइटा बोका काट्यो ।

× × ×

प्रतिक्रियाको रूपमा, बथानका अरू बोकाहरूले मन मनमा भने– "ज्यादै छुचा र दुष्ट भएकाले यिनलाई काटेको। लौ हान अब हामीलाई ! त्यसै गिरगिरै आएर बिनसित्ति पनि हानिरहन्थे ! आफू त त्यस्तो छुचो भएर पनि हिँडिदैन । यी बसिएको छ, खानलाई पुग्ने गरी घाँस हालिदिएकै छ !

× × ×

बगरेले अर्को दिन पनि आफ्नो दैनिक कार्यक्रमअनुसार बथानबाट छानी छानी दुई तीन ओटा बोका छुट्याएर काट्यो। त्यो देख्ता पनि बाँकी बोकाहरूको मानसिक प्रतिक्रिया उस्तै थियो !

●

झ्यारँ !

समयले परम्परासँग सोध्यो– "बाधक अन्धविश्वासको पक्षलाई हटाइदिदा के कुनै हानि छ ?"

परम्पराले कमजोरीलाई छाँद हाल्दै झस्किएर भन्यो– "चूप, बाहिर कसैले सुन्ला !"

× × ×

खरायाहरूले टाठाबाट सम्मानका साथ संबोधन गर्दै हुंडारसँग नम्र निवेदन गरे– "परम्पराको रहस्य के हो मालिक ! हिंसक सत्ता र हाम्रो बीचमा एउटा सानो संझौतासम्म पनि आजतक भएको रहिन्छ ?"

यो सुन्नेबित्तिकै हुंडारले आफ्ना तीखा तीखा नङग्रा फिजायो, गिजा चाट्यो र लाल लाल आँखा पारेर खरायोहरूलाई एक एक गरेर निहाल्दै भन्यो– 'झ्यारँ, झ्यारँ !"

× × ×

परम्पराले समयसंग झर्किएर भन्यो– "तँ त्यस्तो कि म त्यस्तो !"

समयले परम्परालाई झन् फट्कार्दै भन्यो– "पहिले तँ भन् न– "तँ उस्तो कि म उस्तो !"

ब्राह्मणजीको फोटो

जब फोटो बोल्न थाल्यो, ब्राह्मणजी र ब्राह्मणजीपछिल्तिरको छायाले पनि आश्चर्यसाथ ठोलाएर सुन्न थाले। साथै चहकिलो चेहरामा कोठाको बत्तीले पनि धैर्यसाथ सुनिरहेको थियो।

× × ×

ब्राह्मणजी उपनिषद् पल्टाएर चिन्तन-मनन गरिरहेका थिए। राति बाह्र बजेको समय थियो। बाहिर सबै अन्धकार, चकमन्न थियो। कोठामा बत्ती बलिरहेको थियो। ब्राह्मणजीको साथमा केवल छाया थियो, अरू कोही थिएन।

यत्तिकैमा एक्कासि भित्ताको ब्राह्मणजीको फोटोले भावनात्मक भाषामा हाँस्तै भन्यो–" धेरै पढेर मात्र के हुन्छ ब्राह्मणजी, मैलेजस्तो थोरै जान्ने र कामचाहिँ गरिहाल्ने, गरिरहने गरे पो उपनिषद्बाट लाभ हुन्छ!"।

ब्राह्मणजीले भने–" तैंले के के लाभ उठाइस् त ?"।

फोटोले गर्वका साथ भन्यो– "म त मृत्युञ्जयै भैसकें नि! मलाई तपाईंलाई जस्तो न जरा, न मृत्यु, कुनै कुराले आंक्न सक्तैन अब! शरीरको हेरचाहसम्म पुग्योभने, तपाईंहरूको जस्तो बढीमा सय पचास वर्ष होइन, कैयौं हजार वर्ष बाँच्ने मलाई आंट आइसकेको छ। त्यो पनि यही उमेरमा बसेर। तपाईंजस्तो म दिनदिनै रोगाउँदै, गल्दै, बूढो

हुँदै गइरहेको छु र ? सम्झनुहुन्छ ? आजभन्दा ३० वर्षअघि शरीरको आकार प्रकार, यौवन, सौन्दर्य तपाईंको र मेरो एउटै थियो। मचाहिं अहिले पनि उस्तै छु। ऐना हेर्नुहोस् त, तपाईं कस्तो भैसक्नुभयो !"।

यस कुरालाई भित्र स्वीकार गर्दै ब्राह्मणजीले उत्सुकतासाथ सोधे–"तैंले झैं काम गर्न मैले अब के के गर्नुपर्‍यो त ?"।

फोटोले भन्यो– "तेन त्यक्तेन भुञ्जीथाः—'त्याग'। "मा गृधः कस्यस्विद्धनम्– 'अपरिग्रह'। "तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः— 'सर्वत्र एकात्मभावना र निर्विकार स्थिति' ! – यत्ति हो मैले जानेको ! मभन्दा लाख खण्ड बढ्ता तपाईं नै जान्नुहुन्छ नि ! फरक यत्ति कि– तपाईंले जानेको फलाक्न मात्र काम लाग्यो। मैले जानेको, थोरै नै भए पनि आत्मसाधनातिर लाग्यो। दुःखको कुरा यत्ति हो कि– जति पढिरहे पनि मैले देख्ता देख्तै तपाईं त प्रतिष्ठाहीन, झन् प्रतिष्ठाहीन, झन् झन् प्रतिष्ठाहीन हुँदै पो जानुभयो !"

अनि ब्राह्मणजीले क्षुब्ध मलिन मुद्रामा सोधे– "के भएर मेरो यसरी प्रतिष्ठा हरायो त ?"

फोटोले फट्कार्दै भन्यो– "आत्महत्या गर्न थालेपछि पनि प्रतिष्ठा रहिरहन्छ त ? न विदेशको सहारा, न साधन, न कोही परिपक्व सल्लाहकार! एक्लै नाङ्गै राणासत्तासँग फिल्डमा कुस्ती खेलेको होइन तपाईंले ? उही अगुल्टो र झिल्का लेख्ने पूर्णप्रसाद हो तपाईं अहिले ? बुझ्नुहोस् न सबै कुरा यसैबाट !"

x x x

त्यो सुनेपछि ब्राह्मणजी आफ्नो मर्मले मौन भए। उनको छाया पनि मौन भयो। खूब जवाफ दिएँ भन्ठानेर होला ! फोटो पनि मौन भएर बस्यो। निकै चित्त बुझेजस्तो गरेर बत्तीले भने आफ्नो भएभरको प्रसन्नता झिकेर हाँस्ता, कोठै उज्या···लो पारिरहेको थियो।

●

अन्यथा हुनै सक्तैन !

मानवले भगवान्सँग प्रार्थना गऱ्यो– "मेरो छोरो परमायुको होस् र महाकवि कालिदास जस्तो विश्वकवि होस् !"

मानवको त्यो प्रार्थना सुनेर प्रकृतिले हाँसेर भनिन्– "ए मूर्ख मानव ! तेरो छोरोलाई देशको निरक्षर सेनापति भएर काम गर्न र पचास वर्ष पुगेको भोलिपल्ट नै पृथ्वी छोडेर फर्कनको लागि गर्भैमा अर्डर भैसकेको छ । त्यसमा अन्यथा हुनै सक्तैन !"

× × ×

छात्रअवस्थादेखि नै शर्माजीको जीवन राजनीतिमै बित्यो । उनको श्वासप्रश्वास राजनीतिकै हुन्थ्यो । उनलाई राजनीतिको जति खोजी आफ्नो शरीरको पनि थिएन । उनको यो गल्ती नै हुन सक्छ, तर अराजनीतिप्रिय व्यक्तिलाई, त्यो कत्रै विद्वान् किन नहोस् ! शर्माजी अशिक्षित बराबर ठान्दथे । उनको धर्म, कर्म, भावना सबै राजनीति थियो । यसैले उनले आफ्ना छोराहरूलाई, जब उनीहरू सम्झन सक्ने भए, राजनीतिकै चर्चा गरेर सुनाउँथे । शर्माजीको मुखैमा यो झुण्डिएको थियो– 'दण्डनीतिरेका विद्येत्यौशनसाः ।" अर्थात् शुक्राचार्यपन्थीहरू राजनीतिलाई बाहेक अरू विद्यालाई विद्या मान्दैनन् । शर्माजीको अन्तराशय थियो– "छोराहरूले राजनीतिलाई आफ्नो कार्यक्षेत्र बनाऊन् । त्यसैको अध्ययन, मनन गरून् र नबिग्रिऊन् । किनकि अर्को क्षेत्रमा लागेपछि मानिस बिग्रन्छ ।' शिष्ट, सभ्य,

बिनीत छोराहरूले पनि, कहिल्यै पनि, कुनै एक शब्दले पनि आफ्ना पिताजीको राजनीतिक आग्रहतर्फ टीकाटिप्पणी गरेनन्। आफ्नो लेक्चर सुन्दा सुन्दा छोराहरू काबिल भएका छन् भन्ने भावनाले शर्माजीमा अपार सन्तोष थियो। हुने नै भयो।

छोराहरूले एस्. एल्. सी. पास गरेर उच्च कक्षाको अध्ययनको लागि बिषय छान्ने वेला आयो। स्वतन्त्रताको आदर गर्ने शर्माजीले छोराहरूलाई रुचिअनुसार विषय लिने अनुमति दिए। किनकि "जिन्दगीमा जुन कामको लक्ष्य राखिन्छ— अध्ययन, मनन, चिन्तन पनि तद्विषयक नै हुनुपर्छ!"

शर्माजीका छोराहरू तीन जना थिए र सबै उच्चशिक्षाको लागि क्याम्पस जान थाले। तीन जनामध्ये जेठाको बिषय थियो— कृषि, कुखुरा-पालन। माहिलाको विषय थियो— संगीत र नृत्यकला। कान्छाको बिषय थियो— मेकानिजम्। शर्माजी तीन छक परे!

× × ×

मानवले भगवान्सँग प्रार्थना गर्‍यो— "हे भगवान्! मेरो छोरो परमायुको होस्, देशको प्रभावशाली प्रधानमन्त्री होस्, सर्वश्रेष्ठ संपत्तिशाली होस्!"

त्यो सुनेर खितका छोड्दै प्रकृतिले भनिन्— "ए मूर्ख मानव! तेरो छोरोलाई त बिवाहै नगरीकन तेईस वर्षको उमेरमा जोगी भएर बिदेशिन र त्रिपन्न वर्षको उमेरमा कतै कोही मान्छे नपुग्ने निर्जन जङ्गलभित्रको भरेकेको पाटीमा हृदयबिदारक ढङ्गबाट मिट्टी बिसाएर फर्कनको लागि गर्भमा अर्डर भैसकेको छ। त्यसमा अन्यथा हुनै सक्तैन!"

संकल्प

जीवन र मृत्युको विरोध शाश्वत हो, आजको होइन । जीवनको निरन्तर यही प्रयास छ, अभियान छ– "मृत्युको अस्तित्व मिटाइदिनुपर्छ ।"

× × ×

मिथिलामा, राजा विदेहको सभापतित्वमा भएको अखिल-भूमिप्राणिसंमेलनमा बोल्दै जीवनले भन्यो— "हाम्रो शत्रु कोही छभने केवल मृत्यु नै छ । जसले गर्दा कुनै प्राणीले पनि आफ्नो हितको लागि कुनै दीर्घ-कालीन उद्योग-व्यवसाय गर्न सक्तैन । सबैले आफ्नो सिद्धान्त कार्यान्वित गर्न र आफ्नो कर्तव्य पूरा गर्न नसकीकन नै यो दुनियाँबाट बिदा हुनुपर्छ । अतः हामीहरूले आफ्नो संयुक्त प्रयासबाट अत्याचारी मृत्युको अस्तित्व मेट्नको लागि त्यसको विरुद्ध युद्ध छेड्नुपर्दछ ।"

वज्रसमानको त्यो उद्‌गार सुन्दा मृत्यु क्रोधले आगो भयो । उसले सभामा हात उठाएर भन्यो– "माननीय सभापतिज्यू, यो मञ्चबाट म पनि एक दुई शब्द बोल्न सक्छु ?"

सभापतिले भने– 'अवश्य । म अनुमति दिन्छु' ।

अनि दुई शब्द मञ्चबाट बोल्ने अनुमतिप्रदान गरेकोमा सभापति-प्रति आभार व्यक्त गर्दै मृत्युले भन्यो– "म जीवनको छोटो परिचय यहाँहरू-लाई दिन्छु, जो मेरो शाश्वत वैरी हो । जीवन भनेको एउटा मायाको मूर्त प्रपञ्च हो । यसले मलाई बलप्रदर्शन गर्न र हताश तुल्याउनको लागि अनन्त रूप, शरीरधारण गरेको छ । सिङ्गो, एक्लो आफू खतम हुँला भनेर स्थूल, गणनीय एवं दर्शनीय करीब तीस चालीस अरब प्राणीहरू–

जो अगाडि उपस्थित हुनुहुन्छ– मा यसले आफूलाई विभक्त गरेको छ। भ्रमवश उपस्थित तपाईंहरूको समर्थन यसले प्राप्त गरेको छ। यसको मसँग लड्ने बल यत्ति हो, तपाईंहरू नै हो। हाम्रो हितकारक हो भन्ने भ्रममा यसलाई प्रिय बनाएर तपाईंहरू यसको आश्रय बन्न पुग्नुभएको छ। यसलाई वहन गरिरहनुभएको छ। वास्तव, तपाईं प्राणी मात्रको मुटुको यो मांसग्रन्थि (ट्यूमर) हो, जो क्रमशः बढ्दै गएर तपाईंहरूको निम्ति उत्तरोत्तर क्लेशकारक, क्षयकारक हुन्छ। वास्तव यो बन्धनको एक प्रकार हो, पापको परिणाम हो। यो तपाईंहरूकै निमित्त दुःसाध्य रोग हो, म यसको शल्यक्रिया हुँ। शल्यक्रियाबेगर यो रोग (हृन्मांसग्रन्थि) जाँदैन। अन्ततोगत्वा अन्तिम शरणको रूपमा, अन्तिम आश्रयको रूपमा सारा प्राणीहरूको दुःख, कष्ट, वेदनाको निस्तार, के राजा के रङ्क!, मैले नै गरिदिनुपर्छ। एक खण्ड प्रलयको अवधिको चार खण्डको एक खण्ड अवधिभित्रै पनि खरबौं पद्म आत्माहरू मेरो शीतल-शान्त शरणार्थि-शिविरमा विश्राम लिन आइपुगेका छन्। सर्वशक्तिमान्, अनिर्वचनीय परा सत्ताको अंशको रूपमा महान् गहनतम दायित्ववहन गरेको मेरो व्यक्तित्व र अस्तित्वको अगाडि यसको कुनै मूल्य छैन। यसले मेरो विरुद्ध युद्ध छेड्ने जुन आह्वान गरिटोपलेको छ, म त्यसको स्वागत गर्छु। जीवनका तथाकथित प्रतीक, तपाईंहरूमा मसँग लड्ने साहस र धैर्य भगवान्ले दिऊन्। यथाशीघ्र तपाईंहरू युद्धप्राङ्गणमा उत्रनुहोस्। किनकि मलाई भोक लागेको छ। जीवनलाई खतम गर्ने नै मेरो संकल्प हो। मायिक विकारपूर्ण प्रपञ्चको ध्वंस पारेर निर्गुण परा सत्ताको उपासना गर्ने र त्यसैमा विलयन हुने नै मेरो संकल्प हो।

× × ×

जीवन र मृत्युको विरोध शाश्वत हो, आजको होइन। मृत्युको पनि निरन्तर यही प्रयास छ, अभियान छ– "जीवनका आधार भौतिकतत्त्व-हरूको अस्तित्व मिटाइदिनुपर्छ"।

●

मूर्ति र छाया !

छायाले मूर्तिलाई भन्यो– "तिम्रो इतिहास र व्यक्तित्व अलिकति मलाई पनि बाँड न ! नत्र हरबखत तिम्रो पछि लागेको के काम लाग्यो त मलाई !"

मूर्तिले हाँसेर भन्यो– "अहिले घाम लागेको छ, अँध्यारामा आएर भन न !

× × ×

मूर्तिका उपासकहरू दिनदिनै आएर मूर्तिलाई पूजा गर्छन् । नैवेद्य, बलि, भेटी चढाउँछन् । लामा लामा स्तुति गर्छन् । त्यो देखेर छायालाई लोभ लाग्यो, डाह पनि भयो ।

× × ×

धेरै धेरै समयपछि भित्रैबेखि मुर्मुरिएर छायाले फेरि पनि मूर्तिलाई भन्यो– "तिम्रो इतिहास र व्यक्तित्व अलिकति मलाई पनि बाँड न । नत्र हरबखत तिम्रो पछि लागेको के काम लाग्यो त मलाई !"

मूर्तिले फेरि पनि हाँसेर भन्यो– "अहिले घाम छ, ओझेलमा पुगेपछि भन न !"

●

अवाक् स्थिति

एक दिन एकान्त पारेर घरले मानवलाई भन्यो– 'तिमी भकौं रे हो ?"

मानवले भन्यो– "हो ।"

"अर्काको त्यत्रो अपहरण, शोषण गरेर ठ्यउँ मलाई किन बनाइरह्यौ त ?"

मानवले घरलाई केही भन्न सकेन ।

x x x

अर्को दिन एकान्त पारेर मानवले पनि घरलाई सोध्यो– "तँ पनि भत्कन्छस् रे हो ?"

घरले भन्यो– 'हो"

"मैले त्यतिका अपराध गरेर तँलाई बनाउँदा, हिजोआजसम्म पनि किन केही भनिनस् त ?"

घरले पनि मानवलाई केही भन्न सकेन ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

मुद्रक– 'प्रज्ञा-मुद्रण', ने० रा० प्र० प्र०, कमलादी, काठमाडौं।